# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १२९ | काठमाडौं | आइतबार, १४ भदौ २०८३ | Prabhab National Daily | Sunday, 30 August 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-


## सन्दीप, जसले जोगाए १२२ जनाको ज्यान

- जलविद्युत् परियोजनामा काम गर्ने सन्दीपले बाढी आएको देखेपछि  सुतिरहेका १२२ जनालाई उठाएर भगाए, आफू पनि भागेर ज्यान जोगाए
- एक मिनेटमात्रै ढिला भएको भए सबै बग्थे बाढीमा
- आँखै अगाडि सेनाको ब्यारेक, प्रहरी चौकी बग्दा टुट्यो सन्दीपको हृदय
- सुरूङभित्र फसेकाहरु जीवितै उद्धार हुने आशा
- बेपत्ता भएकाका परिवारका लागि हेलिकप्टर बन्यो आशाको प्रतीक



■ जेबी योञ्जन

**नुवाकोट–** रसुवाको मैलुङस्थित जलविद्युत् परियोजनामा कार्यरत सल्यानका सन्दीप राना (४१) को बुधबार घर फर्किने दिन थियो । बिहान उनी नुहाउन भनेर उठे । उठ्दा त्यस्तै ९ बजेर ३६ मिनेट गएको थियो । उनका ४९ जना साथी गहिरो निद्रामै थिए । उनी भने नुहाउनका लागि कोठाबाट बाहिर निस्किए । त्यही क्षण उनको नजर एक्कासि कालो मुस्लोसहित उर्लिएर आएको भोटेकोशी बाढीमा पऱ्यो ।

केही सेकेण्डअघिसम्म घर जाने तयारीमा रहेका रानासामु अब आफ्नै ज्यान जोगाउने कि सुतिरहेका साथीहरूको ज्यान बचाउने भन्ने प्रश्न थियो । उनले दोस्रो बाटो रोजे ।

'एक्कासि बाढी आएको देखेँ । मान्छेका लासहरू उफार्दै ल्यायो,' शुक्रबार नुवाकोटको बट्टारस्थित 'होल्डिङ सेण्टर'मा भेटिएका रानाले भयावह त्यो क्षण सम्झिँदै प्रभावसँग भने, 'कुद्दै गएर सुतिरहेका सबै साथीहरूलाई उठाएँ र छेउमै ७३ जना कामदारलाई पनि भनेँ । एक मिनेट ढिला भएको भए सबै बग्थ्यौं नदीमा ।'

राना र उनका साथीहरू चाइना पावर कम्पनीले निर्माण गरिरहेको परियोजनास्थलमै रहँदाको अवस्थामा बाढी आएको हो । रानाले साथीहरूलाई उठाएर सुरक्षितस्थलतर्फ भगाएको केही क्षणमै भीषण बाढी आइपुग्यो । उनीहरू उकालो भागभाग गरे । रानालाई नै त्यसबेला लड्दा हातमा गहिरो चोट लाग्यो । तर, त्यहाँ उनकै कारण ठूलो मानवीय क्षति हुनबाट जोगियो ।

बिहीबार राति नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरिएका राना भन्छन्, 'मलाई त अहिले पनि सपनाजस्तो लागिरहेको छ ।'

सन्दीपको घर सल्यानको खाँडाचक्र हो । घर जान साथीहरूभन्दा छिटो उठेकै कारण उनीसहित १२२ जना साथीहरूको ज्यान जोगिएकामा उनी खुसी छन् । तर, नजिकै रहेको नेपाली सेनाको ब्यारेक बाढीमा बग्यो । केही तल रहेको नेपाल प्रहरी र सशस्त्र प्रहरीको पनि चौकी बग्यो । चौकी-ब्यारेकसँगै सुरक्षाकर्मीहरू उनकै आँखाअगाडि बगे । सुरक्षित स्थानमा पुगेर हेर्दा उनीहरूले बाढीले बगाउँदै गरेको गाडीबाट मान्छेहरूले हात हल्लाउँदै उद्धारको याचना गरेको देखे । तर, चाहेर पनि जान सक्ने स्थिति थिएन ।

'गाडीहरू यति धेरै बगायो कि कुनै गाडीबाट त हाल हल्लाउँदै गुहार-गुहार भनेको देख्यौं । तर हाम्रो केही सीप लाग्ने स्थिति थिएन, हेर्दाहेर्दा मानिसहरू कति बगे बगे,' उनले भने ।

⏭ क्रमशः पृष्ठ २ मा

### धुवाँको मुस्लोजस्तो बाढी घरतर्फ सोझिएपछि...



नुवाकोटको त्रिशूली नदी किनारको ढुंगे बजारकी मीना श्रेष्ठ लामा घरबाहिर थिइन् । नजिकै हेलिकप्टर आएजस्तो ठूलो आवाज सुनिन् । आकाशमा हेर्दा देखिनन् । त्रिशूली नदीको शिरतिर हेर्दा त कालो धुवाँको मुस्लोजस्तै देखिने भीषण बाढी उर्लिरहेको देखिन् ।

केही क्षणमै भीषण बाढी बस्ती र घरतर्फ सोझियो । आँखै अगाडि आएको विपत्ति देखेपछि मीना श्रीमान्लाई बोलाउन घरभित्र दौडिइन् । तर, त्यहाँ पुग्दा श्रीमान्को आधा शरीर हिलोमा पुरि इसकेको थियो । बाढीसँगै आएको हिलोले घरको भुइँ छोपिसकेको थियो ।

मीनाले छरछिमेकलाई गुहारिन् । छिमेकीहरूको सहयोगमा बल्लतल्ल श्रीमान्लाई हिलोबाट निकालियो ।

⏭ क्रमशः पृष्ठ २ मा

## चार दिनपछि सुरुङमा फसेकाको उद्धारमा विदेशी टोली

- चीन र भारतका सुरूङ उद्धार टोली नेपाली सेनासँग मिलेर उद्धारमा खटिए
- माथिल्लो त्रिशूली 'थ्रि-ए' को सुरूङभित्र फसेका व्यक्तिको उद्धार गर्न खटिएको टोली सुरूङको माथिल्लो भागसम्म पुग्न सफल भएको गृहमन्त्रीद्वारा जानकारी
- सुरूङमा सानो प्वाल पारी अक्सिजन पठाउन सुरू गरिएको भनाइ
- सुरूङमा करिब ३०० जना फसेको अनुमान
- नेपालमा दक्ष सुरूङ उद्धारकर्ता र आवश्यक प्रविधि अभावले उद्धारमा ढिलाइ



**रसुवास्थित त्रिशूली नदीमा आएको बाढीका कारण त्रिशूली 'थ्रि-ए' जलविद्युत् आयोजनाको सुरुङमा फसेका व्यक्तिको उद्धारका लागि शनिबार 'ड्रिलिङ' गर्ने काम गरिँदै ।** *तस्बिरः रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीले जलविद्युत् आयोजनाको सुरुङ थुनिएको चार दिनपछि सरकारले बल्ल विदेशी टोली परिचालन गरेको छ । बुधबार एक्कासि बाढी आएपछि त्रिशूली नदीका जलविद्युत् आयोजनाहरूको सुरुङमा फसेकाहरूमध्ये केहीको उद्धार भए पनि धेरै जना सुरुङभित्रै थुनिएको अवस्थामा छन् ।

नेपाली सेनाले उद्धारको प्रयास गरे पनि सफल हुन नसकेपछि शनिबारदेखि चीन र भारतको सुरुङ उद्धार टोली उद्धारमा खटिएका हुन् । त्रिशूली 'थ्रि-ए' आयोजनाको सुरुङभित्र फसेका व्यक्तिको उद्धार गर्न खटिएको टोली सुरुङको माथिल्लो भागसम्म पुग्न सफल भएको गृहमन्त्री सुधन गुरुङले जानकारी दिएका छन् ।

सो टोलीले सुरुङमा सानो प्वाल पारी अक्सिजन पठाउन सुरु गरिएको उनले शनिबार राति करिब ९ बजेपछि फेसबुकबाट जानकारी दिएका हुन् । गृहमन्त्री गुरुङका अनुसार अब सुरुङभित्र प्रवेश गर्ने मार्ग फराकिलो बनाएपछि उद्धार टोली पनि भित्र पठाइने छ ।

> "नेपालमा जलविद्युत् आयोजनामा यसरी नदीमा आएको भीषण बाढीपछि निम्तिएको विपद् यो हदसम्म कहिल्यै थिएन । र, हामीसँग दक्ष उद्धारकर्ता पनि छैन, प्रविधि पनि छैन । त्यसो हुँदा सरकारले अनुभवी विदेशी उद्धारकर्ताहरूलाई झिकाउन ढिलो गर्नु हुँदैनथ्यो ।
>
> ■ **विनोद देवकोटा**
> हाइड्रो इञ्जिनियर

> त्रिशूली थ्रि-ए सुरूङ उद्धार कार्यमा हामी सुरूङको माथिल्लो भागसम्म पुग्न सफल भएका छौं । हामीले उक्त सानो प्वालबाट हावा पठाउन सुरू गरिसकेका छौं र अब खन्ने काम सुरू गरी उद्धार टोली पनि भित्र पठाउनेछौं ।
>
> ■ **सुधन गुरूङ**
> गृहमन्त्री

बाढीले सुरुङहरूका प्रवेशद्वार, पहुँचमार्ग र आसपासको संरचना पुरिँदा नेपाली उद्धारकर्मीलाई सुरुङभित्र पुग्नै कठिन भएको थियो । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का अनुसार बाढीबाट प्रभावित जलविद्युत् आयोजनामा अझै ठूलो संख्यामा कर्मचारी तथा मजदुर सम्पर्कविहीन छन् ।

शनिबार साँझसम्मको विवरणअनुसार माथिल्लो त्रिशूली 'थ्रि-ए' जलविद्युत् आयोजनाको सुरुङमामात्रै करिब ३०० जना फसेको अनुमान छ र उद्धारमा निकै ढिला भइसकेको छ । अन्य आयोजनाको सुरुङमा कति मजदुर र प्राविधिक फसे ? टुंगो छैन ।

सुरुङबारे जानकार हाइड्रो इञ्जिनियर विनोद देवकोटाका अनुसार नदीमा आएको बाढीपछि यति ठूलो संख्यामा जलविद्युत् आयोजनाको सुरुङमा मानिस फस्नु यसअघि नेपालमा नदेखिएको र नभोगिएको घटना हो । 'नेपालमा जलविद्युत् आयोजनामा यसरी नदीमा आएको भीषण बाढीपछि निम्तिएको विपद् यो हदसम्म कहिल्यै थिएन,' उनले प्रभावसँग भने, 'र, हामीसँग दक्ष उद्धारकर्ता पनि छैन, प्रविधि पनि छैन । त्यसो हुँदा सरकारले अनुभवी विदेशी उद्धारकर्ताहरूलाई झिकाउनुपर्थ्यो । त्यो समयमै हुन सकेन ।'

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## साउदीका नयाँ कम्पनीले पाँच जनामात्र विदेशी श्रमिक राख्न पाउने

- दुई वर्षभन्दा कम समयदेखि सञ्चालनमा रहेका कम्पनीले पाँच जनामात्र विदेशी कामदारको भिसा पाउने
- दुई वर्षभन्दा बढी सञ्चालनमा रहेका कम्पनीलाई भने अधिकतम ५० जनाको सीमा
- नयाँ नियमले निजी क्षेत्रमा साउदीकै नागरिकलाई रोजगारी दिने सरकारको प्रयासलाई थप सघाउने




■ प्रभाव संवाददाता

**काठमाडौं–** साउदी अरेबियाले नयाँ कम्पनीहरूले पाउने कामदार भिसाको संख्यामा नयाँ सीमा लागू गरेको छ । उक्त नियमका अनुसार दुई वर्षभन्दा कम समयदेखि सञ्चालनमा रहेका कम्पनीले पाँच जनामात्र विदेशी कामदारको भिसा पाउने छन् । दुई वर्षभन्दा बढी सञ्चालनमा रहेका कम्पनीले भने अधिकतम ५० जना कामदारका लागि भिसा स्वीकृति पाउन सक्ने जनाइएको छ ।

यस परिवर्तनले साउदी अरेबियामा रोजगार खोजिरहेका विदेशी कामदारलाई प्रत्यक्ष प्रभाव पार्न सक्ने 'द इकोनमिक टाइम्स'ले जनाएको छ । विशेषगरी नयाँ खुलेका कम्पनीमा काम पाइने आशमा बसेकाहरूलाई असर गर्ने भनिएको छ ।

समाचारका अनुसार दुई वर्षभन्दा कम सञ्चालित व्यवसायले पाँच वटामात्र भिसा पाउँदा दुई वर्षभन्दा बढी समयदेखि सञ्चालनमा रहेका कम्पनीले लिखित आवेदन या एउटै हप्ताभित्र दिएका धेरै आवेदनमार्फत ५० वटासम्म भिसा पाउने समाचारमा भनिएको छ । विगतमा कम्पनी स्थापना भएको अवधि हेरेर भिसाको संख्या निर्धारण गरिँदैनथ्यो ।

त्यस्तै, साउदीको स्थापना कार्यक्रममा सहभागी व्यवसायलाई फरक कोटा संरचना निर्धारण गरिएको छ । यस्ता कम्पनीलाई सुरुमा दुई जनामात्र विदेशी कामदार भिसाको अनुमति दिइने समाचारमा भनिएको छ । उनीहरूको जनशक्तिको संरचना र आवश्यकतालाई हेरेर कोटा वृद्धि गरिने भनिएको छ ।

नयाँ कोटा प्रणालीले साउदीका स्टार्टअप र युवा व्यवसायीलाई आफ्नो भर्ना योजना व्यवस्थित बनाउन चुनौती थप्ने जनाइएको छ । यस्ता व्यवसायहरू विदेशी कामदारमै बढी निर्भर हुने भएकाले दुई वर्षको सञ्चालन म्याद पूरा हुनु अगावै पाँचभन्दा बढी कामदार चाहिने भए भर्ती रणनीतिलाई समायोजन गर्नुपर्न हुनसक्ने जनाइएको छ ।  स्थापित कम्पनीहरूका लागि भने यस प्रणालीले सहजता प्रदान गर्ने छ । तर, रोजगारदाताले अझै साउदीको वर्क परमिट, जनशक्तिको वर्गीकरणजस्ता आवश्यकताहरू पालना गर्नुपर्ने जनाइएको छ ।

नयाँ नियमले निजी क्षेत्रमा साउदीकै नागरिकलाई रोजगारी दिने सरकारको प्रयासलाई थप सघाउने छ । साउदी सरकारले स्वदेशीलाई रोजगारी दिने योजनालाई सहज बनाउन पछिल्लो समय वैदेशिक कामदारसँग सम्बन्धित नियमहरू कडा बनाउँदै लगेको छ । विगतमा 'प्रिमियम रेसिडेन्सी कार्ड' भएका आप्रवासीहरूले काम गर्न वर्क परमिट लिन पर्दैनथ्यो । गत जुन महिनादेखि प्रिमियम रेसिडेन्सी भएकाहरूले पनि रोजगार खोज्दा छुट्टै वर्क परमिट लिनपर्छ ।

त्यस्तै, आवश्यक कागजातविना विदेशी कामदारलाई रोजगारी दिने रोजगारकर्ताको सजाय पनि बढाएको छ । गत फेब्रुअरीमा वैधानिक अनुमतिविना विदेशी श्रमिकलाई काममा लगाउने नियोक्तालाई १० हजार साउदी रियाल जरिवाना तिराइएको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

## शव पहिचान नगरी जमिनमुनि व्यवस्थापन

### डिएनए सुरक्षित राखिएकोले वैज्ञानिक परीक्षणमार्फत पहिचान गर्न सकिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले रसुवाको भोटेकोशीमा आएको बाढीले बगाएका व्यक्तिहरूको शव पहिचान नगरी जमिनमुनि व्यवस्थापन गर्न थालेको छ । शनिबारदेखि चितवनको भरतपुर महानगरपालिका वडा नं. १ स्थित रामनगर र देवघाटको बीचमा पर्ने जंगल क्षेत्रमा शवहरू गाड्न थालिएको हो ।

बाढीप्रभावित क्षेत्रबाट संकलन गरिएका तर पहिचान गर्न नसकिएका शव 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३' बमोजिम जमिनमुनि व्यवस्थापन गर्न थालिएको जिल्ला प्रशासन कार्यालय चितवनले जानकारी दिएको छ ।

शवको डिएनएलगायत अन्य पहिचान सहयोग गर्ने आधारहरू सुरक्षित राखेरमात्रै शवलाई जमिनमुनि व्यवस्थापन गरिने बताइएको छ । पछि आफन्त/परिवारसँग डिएनए 'म्याच' गराइ ती शव अन्त्येष्टिका लागि जिम्मा लगाइने सरकारको भनाइ छ ।

⏭ क्रमशः पृष्ठ २ मा



**चितवनको भरतपुर महानगरपालिका–१ स्थित रामनगर र देवघाटको बीचमा पर्ने जंगल क्षेत्रमा पहिचान नभएका शव गाड्न शनिबार खनिएको खाडल ।**

### गाडिएको शव कसरी हुन्छ पहिचान ?

प्रत्येक शवको डिएनए नमूना सुरक्षित राख्ने व्यवस्था गरेको छ । त्यसैगरी, प्रत्येक शवलाई छुट्टै र विशिष्ट संकेत नम्बर दिइने छ । शवको विवरण, संकेत नम्बर र डिएनए नमूनासहितको अभिलेख सुरक्षित राखिने भएकाले भविष्यमा कसैले आफ्नो आफन्त भएको दाबी गरेमा वैज्ञानिक परीक्षणमार्फत पहिचान गर्न सकिने छ । अर्थात्, शवलाई जमिनमुनि व्यवस्थापन गरिए पनि पहिचानका लागि आवश्यक वैज्ञानिक प्रमाण सुरक्षित रहने छ ।

⏭ क्रमशः पृष्ठ २ मा

भोटेकोशी बाढी

# ६६९ जनाको शव फेला, दुई हजार ३०१ जनाको उद्धार

**काठमाडौं (प्रस)–** भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीमा परी मृत्यु हुनेको संख्या ६६९ पुगेको छ ।

नेपाल प्रहरीले बाढी प्रभावित क्षेत्रबाट शनिबार साँझ ४ बजेसम्म ६६९ जनाको शव फेला परेको जनाएको हो । प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार रसुवामा १३, धादिङमा ४९, नुवाकोटमा ४१, गोरखामा ५४, तनहुँमा ३१, चितवनमा २४८, नवलपरासी पूर्वमा १५८ र नवलपरासी पश्चिममा ७५ जनाको शव फेला परेको छ ।

नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक (डिआइजी) अविनारायण काफ्लेका अनुसार बाढी प्रभावित क्षेत्रबाट हालसम्म दुई हजार ३०१ जनाको उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये रसुवाका ६७६, नुवाकोटका एक हजार ६२२ र धादिङका तीन जना रहेका छन् ।

विभिन्न स्थानबाट उद्धार गरिएका गम्भीर घाइतेलाई थप उपचारका लागि काठमाडौं ल्याइएको छ । प्रहरीका अनुसार काठमाडौंका विभिन्न अस्पतालमा उपचाररत तथा उपचारपछि डिस्चार्ज भएका गरी हालसम्म १४० जना रहेका छन् ।

रसुवा बाढीपछि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका केही कर्मचारीसमेत सम्पर्कविहीन भएका छन् । प्रहरीका अनुसार नेपाली सेनाका ४४, नेपाल प्रहरीका २७ र सशस्त्र प्रहरी बल, नेपालका १३ जना कर्मचारी अझै सम्पर्कविहीन छन् ।

बाढी प्रभावित क्षेत्रमा बेपत्ताको खोजी तथा उद्धार कार्यलाई तीव्र पारिएको प्रहरीले जनाएको छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाललगायत सम्बन्धित निकायका सुरक्षाकर्मी तथा उद्धार टोलीले सम्भावित जोखिमयुक्त क्षेत्रमा खोजी तथा उद्धार कार्य जारी राखेका छन् । बाढीका कारण प्रभावित क्षेत्रमा मानवीय तथा भौतिक क्षतिको विवरण संकलनसँगै बेपत्ताको खोजी र उद्धारलाई प्राथमिकतामा राखिएको प्रहरीले जनाएको छ ।

# सात वर्षीया बालिकाको जीवितै उद्धार

**रसुवा–** भोटेकोशी नदीमा बाढी आएको चार दिनपछि गोसाइँकुण्ड गाउँपालिका-२ टिमुरेमा माटोमा पुरिएकी सात वर्षीया बालिकाको शनिबार दिउँसो जीवितै उद्धार भएको छ ।

सशस्त्र प्रहरी बल नेपाल २० नम्बर गुल्म धुञ्चेबाट खटिएको टोलीले हिलाम्मे अवस्थामा रहेकी बालिका शिरगंगा इचाइ मगरको उद्धार गरेको हो । गम्भीर घाइते अवस्थामा भेटिएकी बालिकालाई हेलिकप्टरमार्फत रसुवा जिल्ला अस्पताल धुञ्चे लगिएको उद्धारमा संलग्न प्रहरीले जनाएको छ ।

धुञ्चे अस्पतलाका वरिष्ठ सर्जन डा. सुनीलकुमार दासले बालिकाको अवस्था गम्भीर देखिएकाले थप उपचारका लागि शिक्षण अस्पताल महाराजगञ्जमा 'रेफर' गरिएको जानकारी दिए ।

घाइते बालिकाकी आमा अर्घाखाँची स्थायी घर भई हाल ग्लोबल आइएमई बैंकको टिमुरे शाखामा कार्यरत गीता इचाइ मगर र बुबा लोकबहादुर उचाइलाई सोही स्थानबाट उद्धार गरी नेपाली सेनाको हेलिकप्टरमार्फत थप उपचारका लागि यसअघि काठमाडौं पठाइएको सशस्त्र प्रहरी निरीक्षक सोम गुरुङले जानकारी दिए । *रासस*

पृष्ठ १ बाट क्रमशः

## चार दिनपछि...

उनका अनुसार सुरुङभित्र उद्धार गर्नु खुला क्षेत्रमा हेलिकप्टर वा सुरक्षाकर्मी परिचालन गरेजस्तो सहज हुँदैन । सुरुङको संरचना, पानीको अवस्था, अक्सिजनको आपूर्ति, भित्र थुप्रिएको लेदो र प्रवेशमार्गको अवस्थाबारे प्राविधिक मूल्यांकन गरेर मात्रै उद्धार अघि बढाउनुपर्छ । सोही कारण उद्धारको चार दिन महत्त्वपूर्ण समय त्यसै बितेको देवकोटाले बताए । यसैबीच, जलविद्युत् आयोजनामा काम गर्ने कामदार र प्राविधिकहरूका आफन्तहरूले उद्धारमा ढिलाइ गरेको भन्दै सरकारको आलोचना गर्न थालेका छन् । कतिपयले त लासमात्रै निकाल्न खोजिएको हो ? भन्दै सरकारमाथि कडा प्रश्न गरेका छन् । यस्तोमा सरकारले ढिलै भए पनि सुरुङमा फसेका नागरिकहरूको उद्धारका लागि विदेशी सहयोग लिएको छ ।

रसुवास्थित त्रिशूली 'थ्रि-ए' जलविद्युत् आयोजनाको सुरुङभित्र फसेका मानिसहरूको उद्धारका लागि चिनियाँ विज्ञ टोलीलाई परिचालन गरिएको छ । प्रधानमन्त्री कार्यालयले छ जना सम्मिलित चिनियाँ विज्ञ टोली उद्धारमा खटिएको जानकारी गराएको छ ।

अत्यन्त जोखिमपूर्ण र प्राविधिक रूपमा जटिल मानिएको उद्धार कार्यलाई थप प्रभावकारी बनाउन सरकारको अनुमतिमा चिनियाँ टोली परिचालन भएको प्रधानमन्त्री कार्यालयले जनाएको छ । उक्त टोली चिनियाँ हेलिकप्टरमार्फत सोझै त्रिशूली क्षेत्रमा अवतरण गरेको थियो । टोलीले नेपाली सेनाको विज्ञ टोलीसँग पूर्ण समन्वय र सहकार्य गर्दै संयुक्तरूपमा उद्धारको काम सुरु गर्ने भएको हो । संयुक्त टोलीले सुरुङभित्रको वस्तुस्थिति र सम्भाव्यताको प्राविधिक अनुगमन गर्ने भएको छ ।

प्रारम्भिक अनुगमनका आधारमा उद्धार सम्भव हुने देखिएमा चीनतर्फ रसुवा सीमा क्षेत्रमा 'स्टचाण्डबाई' अवस्थामा राखिएका चिनियाँ विज्ञहरूलाई पनि तत्काल घटनास्थलमा बोलाइने बताइएको छ । भारतीय टोली पनि उद्धारमा खटिएको छ । भारतबाट शनिबार बिहान सहायता सामग्री तथा ११ सदस्यीय चिकित्सा र सुरुङ उद्धार टोलीसहितको उडान काठमाडौं अवतरण गरी प्रभावित क्षेत्रमा खटिएको हो ।

सुरुङबारे जानकार देवकोटाका अनुसार सुरुङमा फसेकाहरूलाई प्राथमिकतामा राखेर पहिलो दिन (बुधबार)देखि नै विदेशी विशेषज्ञसहितको संयुक्त उद्धार संयन्त्र बनाउनुपर्थ्यो । तर, सरकारले त्यसो गरेन । यसप्रति सरकारको आलोचना गर्दै उनले भने, 'हामीसँग यहाँ दक्ष उद्धारकर्मी र प्रविधि नभएपछि गुहार्ने भनेको विदेशी उद्धारकर्मी नै हो तर ढिला भइसक्यो । यदि अक्सिजन जहाँदेखि लगिएको छ, त्यहाँ बाढी-पहिरोले क्षति पुऱ्यायो वा अवरुद्ध पाऱ्यो भने सुरुङमा फसेकाहरूको जीवन जोखिममा पर्न सक्छ ।' उनले यदि अक्सिजन जाने पाइप बन्द नभए पाँच-छ दिनसम्म पनि सुरुङमा फसेकाहरू सकुशल भेटिन सकिने बताए ।

■ ■ ■

## सन्दीप, जसले...

### सुरुङबाहिर प्रार्थना

न विद्युत् छ, न सञ्चार नै । सडक त छँदै छैन । हुस्सुले घरीघरी रसुवाको धुञ्चेलाई ढाकिरहन्छ । त्यहीँ छन्- पत्रकार जसिन्द्र श्रीपाली । आफन्त उद्धारका लागि गएका उनको आँखा भने नजिकै पर्ने माथिल्लो त्रिशूली-१ (२१६) जलविद्युन् आयोजनाको सुरुङतिरै छ । जहाँ सुरुङभित्र कम्तीमा २०० मानिस फसेको आशंका छ । बाढी आएको चार दिन बितिसक्दा पनि उनीहरू सकुशल छन् कि छैनन् भन्ने यकीन हुन सकेको छैन ।

श्रीपालीका सानो बुबासमेत त्यही सुरुङभित्र फसेका छन् । उनका लागि यो घटना पारिवारिक पीडा बनेको छ । 'विस्तारै रात पऱ्यो, बिरानो ठाउँमा हुस्सुले पूरै घेरो लगायो । आजलाई उद्धार समय सकियो । दिनभरको ऊर्जा र आशा फेरि निराशामै सकियो,' उनले शनिबार साँझ सामाजिक सञ्जालमा लेखेका छन् । उद्धारका लागि नेपाली सेना परियोजनास्थल आसपासमै छ । तर, लेदोसहितको बाढीका कारण परियोजनास्थलको सुरुङसम्म पुगेर उद्धार गर्न सकेका छैनन् । सशस्त्र प्रहरी पनि धुञ्चेमा छ । तर, उनीहरूसँग उद्धारका लागि हेलिकप्टर छैन ।

एक सशस्त्र प्रहरी अधिकृतका अनुसार हेलिकप्टर उपलब्ध भएको भए आफ्नो उद्धार अनुभव प्रयोग गरेर सुरुङसम्म पुग्ने प्रयास गरिने थियो । उद्धारमा सबैभन्दा ठूलो समस्या भने लेदोसहितको बाढी बनेको छ । नुवाकोटका प्रमुख जिल्ला अधिकारी शम्भूप्रसाद रेग्मीका अनुसार सुरुङ क्षेत्रमा जमेको लेदोका कारण उद्धार प्रभावित भएको छ । सेनाले उद्धार प्रयास नै नगरेको भने होइन । प्रयास भइरहेको छ । तर, सफल हुन सकेको छैन । सुरुङभित्र फसेको चार दिन भइसक्दा पनि उद्धार नहुँदा उनीहरू सकुशल छन् किन छैनन् ? प्रश्न उठेको छ । यद्यपि, आफन्तहरूले अझै आशा मारेका छैनन् ।

### हेलिकप्टर आकाशमा देख्दा आशा

बट्टार बजारको आकाशमा हेलिकप्टर देखिनासाथ मानिसहरू नेपाली सेनाको मैथिली ब्यारेकतिर दौडिन्छन् । उनीहरूलाई लाग्छ- 'सम्पर्कविहीन मेरो मान्छे पो आयो कि !' रसुवाको भोटेकोशीमा आएको भीषण बाढीपछि आफन्त बेपत्ता भएका परिवारका लागि हेलिकप्टर अहिले आशाको प्रतीक बनेको छ । तर, हेलिकप्टर ओर्लिएपछि त्यही आशा निराशामा बदलिन्छ ।

उद्धार गरिएका मानिसहरू बाहिरिन्छन् । कोही स्ट्रेचरमा हुन्छन् । भीडले एक-एक अनुहार नियाल्छ । तर, खोजेको आफन्त देखिँदैन । त्यसपछि मानिसहरू फेरि सडक किनारमा फर्किन्छन् र अर्को हेलिकप्टरको प्रतीक्षा गर्न थाल्छन् । यही भीडमा शुक्रबार देखिइन्- सविता अधिकारी । उनका श्रीमान् त्रिशूली हाइड्रोमा काम गर्थे । बाढी आएपछि उनी सम्पर्कविहीन छन् । उनले भनिन्, 'हेलिकप्टर आउँदा मेरो श्रीमान्लाई ल्याए कि भन्ने लाग्छ र हेर्छु । अहिलेसम्म ल्याएको छैन ।'

उद्धार गरिएका मानिसहरू ब्यारेकबाट बाहिरिँदा उनका आँखाहरू श्रीमान्को अनुहार खोज्छन् । तर, हरेकपटक निराशामात्रै हात लाग्छ । 'खै, के पो भयो होला ?' उनले गहभरि आँसु पार्दै भनिन् । सविताले श्रीमान् त्रिशूली हाइड्रोको टनेलभित्र छिरेको हुनसक्ने सुनेकी छन् । सेना उद्धारका लागि त्यहाँ पुगेको खबरले उनको आशा अझै मरेको छैन । तर, लेदोले टनेल पुरिएको खबरले उनी उत्तिकै डराएकी छन् ।

सविताकै नजिक ७४ वर्षीय पदमबहादुर कँडेल पनि देखिए । उनका जेठी सासुका छोरा खलप्रसाद तिमिल्सिना बाढीमा बेपत्ता छन् । 'हेलिकप्टर दुई-दुई मिनेटमा आइरहन्छ, तर मेरो मान्छे आउँदैन, यो उमेरमा आएर यस्तो के देख्नुपऱ्यो !,' उनले भने । बाढीपछि बट्टार बजार अहिले आफन्त खोज्नेहरूको प्रतीक्षास्थल बनेको छ ।

■ ■ ■

## धुवाँको मुस्लोजस्तो...

त्यसपछि उनीहरू दुवै जना ज्यान जोगाउन भागे । भाग्दै गर्दा मीनाको नजर केही तल पर्ने पारिपट्टिको खेतमा पुग्यो । त्यहाँ महिला र पुरुष गरी सात-आठ जना धान खेतमा झार उखेलिरहेका थिए । उनीहरूलाई बाढी आउँदै छ भन्ने थाहा थिएन । मीनाले भनिन्, 'केही क्षणमै त्रिशूलीको भेल खेतमा पस्यो र उनीहरूलाई स्वाट्टै बगाएर लग्यो । विचराहरू भाग्नै पाएनन् ।'

तर, बाढीको त्रासदी त्यतिमै रोकिएन ।

नुवाकोटकै देवीघाटस्थित वृद्धाश्रमको भुइँतला बाढीसँगै आएको हिलोले झचाप्पै पुरियो । त्यहाँ रहेका सात जना वृद्धा आमामध्ये छ जनाले ज्यान गुमाए । एक जना मिङ्मा लामा भने मुखदेखि तलसम्म हिलोमा पुरिएको अवस्थामा जीवितै भेटिइन् । उद्धारपछि उनलाई नुवाकोट सदरमुकाम विदुरस्थित जिल्ला आयुर्वेद अस्पतालमा उपचारका लागि लगियो ।

बाढीले मानिसलाई घाइतेमात्रै बनाएको थिएन, उपचार गर्ने ठाउँलाई समेत संकटमा पारेको थियो । अस्पतालमा आपत्कालीन स्वास्थ्य सेवाका लागि खटिएका सशस्त्र प्रहरीका डिएसपी डा. सन्तोष खत्रीका अनुसार अक्सिजनको अभाव छ । गुड्ने खालका १५ शयचासमेत अभाव छ ।

■ ■ ■

## साउदीका नयाँ...

विगतमा श्रमिकले आफ्नो तलब, गर्नुपर्ने काम र कम्पनीको प्रतिष्ठालाई ध्यानमा राखेर कम्पनी छनोट गर्थे । अब भने रोजगारीको मूल्यांकन गर्दा अर्को पक्ष पनि ध्यानमा राख्नुपर्ने भएको छ । नयाँ नियमअन्तर्गत रोजगारदाता कम्पनीको सञ्चालन इतिहास र कामदार भिसाको योग्यता हेरेर रोजगारीको प्रक्रिया अघि बढाउन पर्ने भएको छ ।

साउदीमा धेरै रोजगारी खोजी गर्ने भारत, पाकिस्तान, नेपाललगायतका देशका कामदारले रोजगारदाता कम्पनी कामदारको भर्ना गर्न योग्य भए नभएको भन्नेमा स्पष्ट भएरमात्र वित्तीय कारोबार अघि बढाउन भनिएको छ । साउदी नेपालीहरूको प्रमुख रोजगार गन्तव्यमध्येको एक हो । त्यहाँ हाल चार लाखभन्दा बढी नेपाली कार्यरत रहेको बताइन्छ ।

■ ■ ■

## शव पहिचान...

निर्देशिकामा भविष्यमा हकवाला पहिचान भएमा गाडिएको शव वा मानव अंग उत्खनन गरी सम्मानपूर्वक परिवारलाई बुझाउनुपर्ने व्यवस्था गरेको छ । सरकारले दुर्गन्ध फैलिने र त्यसले थप संक्रमणको जोखिम बढाउने भन्दै जमिनमुनि व्यवस्थापन गर्न लागेको हो । ठूलो संख्यामा रहेको शव लामो समय सुरक्षित राख्न आवश्यक ठाउँको अभाव रहेकाले पहिचान हुन नसकेका शवहरू जमिनमुनि व्यवस्थापन गर्न लागिएको हो ।

यद्यपि, सरकारको यो कार्यलाई लिएर आलोचना सुरु भएको छ । आफन्तलाई शव पहिचान गर्ने अवसर नै नदिई जमिनमुनि व्यवस्थापन गरेर सरकारले परिवारलाई थप पीडा दिने काम गरेको आलोचकहरूको भनाइ छ । शवलाई केही महिना सुरक्षित राख्ने ठाउँको व्यवस्थापन गर्नुको सट्टा सिधै जमिनमुनि व्यवस्थापन गर्नु सरकारको लाचारीपन भएको भन्दै आलोचना भएको छ ।

यता सरकारले भने भ्रम सिर्जना गर्ने प्रयास भइरहेको जनाएको छ । गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले निर्देशिकाबमोजिम नै शव जमिनमुनि व्यवस्थापन गर्न लागिएको बताए । उनले भने, 'हामीले शव जमिनमुनि व्यवस्थापन गर्दा निर्देशिका पालना गरेका छौं, त्यतिमात्रै होइन वैज्ञानिक प्रक्रियासमेत पूरा गरेका छौं । त्यसैले यस विषयलाई लिएर जनमानसमा भ्रम नफैलाउन आग्रह गर्दछौं ।'

शव लामो समयसम्म अलपत्र पर्दा जनस्वास्थ्यमा असरपर्ने जोखिम बढेको कारणले पनि शवको जमिनमुनि व्यवस्थापन अत्यावश्यक भएको स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका जनस्वास्थ्यविद् डा. अमृत पोखरेलको भनाइ छ । 'शव लामो समयसम्म व्यवस्थापन नगरी राख्दा वातावरणीय तथा स्वास्थ्य जोखिम बढ्दै जाने भएकाले वैज्ञानिक विधिबाट व्यवस्थापन गर्नु आवश्यक हुन्छ । पहिचान नभएका शव तथा मानव अंगको डिएनए नमूना संकलन गरी सुरक्षित राख्दै जमिनमुनि व्यवस्थापन गर्नु वैज्ञानिक र जिम्मेवार कदम हो,' उनले भने ।

चितवनका प्रहरी निरीक्षक अनिल थापाका अनुसार अन्तर्राष्ट्रिय रेडक्रस (आइसिआरसी) को प्रोटोकलअनुसार जमिनमुनि शव व्यवस्थापनका लागि १.५ मिटर गहिरो खाडल खनिएको छ, जहाँ प्रत्येक शवलाई छुट्टाछुट्टै राखिने छ । दुईवटा शवको बीचमा ४० सेन्टिमिटरको दूरी कायम गरिने छ । प्रत्येक शवको हात वा खुट्टामा नष्ट नहुने खालको संकेत चिह्न (ट्याग) राखिने छ । भरतपुरमा संकलन गरिएका शवहरूलाई 'बिएचएफ ०१, ०२' जस्ता कोडिङ गरेर नम्बरिङ गरिएको छ ।

शवलाई माटोले पुरिसकेपछि त्यसको ठीक माथि कंक्रिटको सामान्य ढलान गरी स्टचाण्ड बनाइने छ । जमिनमुनि शवमा राखिएको नम्बर र जमिनमाथि स्टचाण्डमा राखिएको नम्बर एउटै हुने छ, जसका कारण भविष्यमा पहिचान खुलेपछि शव निकाल्न सहज हुने छ । यस प्रक्रियामा संयुक्त मुचुल्का तयार पार्नुका साथै फोटो, भिडियो र भौगोलिक नक्सासमेत सुरक्षित राखिने छ ।

■ ■ ■

## गाडिएको शव...

**पहिचान खुलेपछि शव निकाल्न मिल्छ ?**

'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३' ले भविष्यमा हकवाला पहिचान भएमा गाडिएको शव वा मानव अंग उत्खनन गरी सम्मानपूर्वक परिवारलाई बुझाउनुपर्ने व्यवस्था गरेको छ । संशोधित निर्देशिकाले विपद्का कारण मृत्यु भएको पुष्टि भएपछि पहिचानका लागि आवश्यक परीक्षण गर्ने प्रक्रियालाई पनि सहज बनाएको छ ।

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, १४ भदौ, २०८३

| | |
|---|---|
| मेष | नयाँ योजना सुरु गर्न अनुकूल दिन छ । साथीभाइ तथा सहकमीबाट सहयोग प्राप्त हुनेछ । |
| वृष | व्यापार तथा रोजगारीमा सकारात्मक परिवर्तन आउन सक्छ । अनावश्यक विवादबाट टाढा रहनु राम्रो । |
| मिथुन | आत्मविश्वास बढ्नेछ । महत्वपूर्ण निर्णय गर्दा हतार नगर्नुहोस् । |
| कर्कट | यात्रा वा नयाँ कामको अवसर मिल्न सक्छ । आर्थिक कारोबारमा सावधानी अपनाउनु उचित हुनेछ । |
| सिंह | कार्यक्षेत्रमा प्रतिष्ठा बढ्नेछ । मेहनतअनुसार सफलता र आर्थिक लाभ प्राप्त हुने सम्भावना छ । |
| कन्या | काममा उत्साह बढ्नेछ । आर्थिक पक्ष सुधारिनुका साथै नयाँ अवसर प्राप्त हुन सक्छ । |
| तुला | रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट सहयोग मिल्नेछ र खर्चमा भने ध्यान दिनु राम्रो हुनेछ । |
| वृश्चिक | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । पारिवारिक वातावरण सुखद रहनेछ । |
| धनु | जिम्मेवारी बढे पनि काम सफलतापूर्वक पूरा गर्न सकिनेछ । आर्थिक लाभको सम्भावना छ । |
| मकर | नयाँ अवसरले उत्साह बढाउनेछ । पुराना समस्या समाधान हुँदै जानेछन् । |
| कुम्भ | मनमा रहेको अन्योल कम हुनेछ । परिवारको साथ र सहयोगले महत्वपूर्ण काम पूरा गर्न सहज हुनेछ । |
| मीन | नयाँ सम्पर्कबाट लाभ मिल्न सक्छ । बोलीमा संयम राख्दा सम्बन्ध अझ राम्रो बन्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५११५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१४ भदौ, २०८३ (३० अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५२.३७ | १५२.९७ |
| युरो | १ | १७७.७४ | १७८.४४ |
| पाउन्ड स्टिर्लङ | १ | २०७.६० | २०८.४१ |
| स्विस फ्रैन्क | १ | १८९.५३ | १९०.२७ |
| अस्ट्रेलियन डलर | १ | १०९.४२ | १०९.८५ |
| क्यानाडियन डलर | १ | १०९.८८ | ११०.३२ |
| सिङगापुर डलर | १ | ११९.९८ | १२०.४५ |
| जापानी येन | १० | ९.५८ | ९.६२ |
| चिनियाँ युआन | १ | २२.६७ | २२.७६ |
| साउदी अरब रियाल | १ | ४०.५८ | ४०.७४ |
| कतारी रियाल | १ | ४१.८० | ४१.९६ |
| थाई भाट | १ | ४.६५ | ४.६७ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.४८ | ४१.६५ |
| मलेसियन रिङेट | १ | ३७.८४ | ३७.९९ |
| दक्षिण कोरियन वन | १०० | ११.०० | ११.०४ |
| स्विडिस क्रोनर | १ | १६.०६ | १६.१२ |
| डेनिस क्रोनर | १ | २३.७८ | २३.८७ |
| हङकङ डलर | १ | १९.४४ | १९.५१ |
| कुवेती दिनार | १ | ४९६.५६ | ४९८.५२ |
| बहराइन दिनार | १ | ४०४.१६ | ४०५.७५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# भोटेकोशी बाढीको कहर



















१) त्रिशूली तथा नारायणी नदीमा भेटिएका शवको डिएनए परीक्षणपछि सुरक्षित जमिनमा गाड्ने तयारीका लागि भरतपुर अस्पतालबाट शव पहिचान तथा व्यवस्थापन केन्द्रमा लैजाँदै ।
२) बाढीले क्षतिग्रस्त कृषि विकास बैंकको त्रिशूली शाखा कार्यालयमा. खोज तथा उद्धार कार्यलाई निरन्तरता दिँदै सुरक्षाकर्मी र उद्धार टोली ।
३) बाढीमा परी बेपत्ताका आफन्त शनिबार भरतपुरको शव व्यवस्थापन तथा पहिचान केन्द्रमा बेपत्ताको तस्बिर देखाउँदै ।
४) बाढीमा बेपत्ता भएकाको शनिबार त्रिशूली बजारमा नामावली खोज्दै आफन्तहरु ।
५) नुवाकोटको त्रिशूली बजारबाट शनिबार हेलिकोप्टरमा बाढी प्रभावित क्षेत्र रसुवातर्फ प्रस्थान गर्दै सुरक्षाकर्मी ।
६) रसुवास्थित त्रिशूली नदीमा आएको बाढीबाट मृत्युवरण गरेका व्यक्तिको शव व्यवस्थापनको काम गर्दै नेपाली सेना ।

*तस्बिरहरू: रासस*

## उद्धार गरिएका व्यक्ति र शव घरसम्म पुऱ्याउने खर्च प्रदेश सरकारले बेहोर्ने

**हेटौंडा (प्रस)–** भोटेकोशी बाढी प्रभावित क्षेत्रबाट उद्धार गरिएका व्यक्ति तथा पहिचान भएका शव सम्बन्धित ठेगानासम्म पुऱ्याउन लाग्ने खर्च बागमती प्रदेश सरकारले बेहोर्ने भएको छ ।

प्रदेश विपद् व्यवस्थापन कोषबाट सम्बन्धित स्थानीय तहको विपद् व्यवस्थापन कोषमा आवश्यक रकम उपलब्ध गराइने आर्थिक मामिला तथा योजनामन्त्री सरल सहयात्री पौडेलले जानकारी दिए । उनले उद्धार गरिएका व्यक्ति तथा पहिचान भएका शव घरसम्म लैजान सम्बन्धित स्थानीय तहका जनप्रतिनिधिसँग सम्पर्क गर्न आग्रह गरे । आवश्यक खर्च तथा व्यवस्थापनका लागि स्थानीय तहलाई प्रदेश सरकारसँग समन्वय गर्न भनिएको छ ।

बाढी प्रभावित क्षेत्रमा नेपाली सेना र नेपाल प्रहरीले हवाई उद्धार गरिरहेका छन् । उद्धारका क्रममा घाइते तथा जोखिमपूर्ण स्थानमा फसेका व्यक्तिलाई प्राथमिकता दिइएको मन्त्री पौडेलले बताए । उद्धारको प्रतीक्षामा रहेका व्यक्तिलाई स्थानीय तहको समन्वयमा खाद्यान्न तथा राहत सामग्री उपलब्ध गराइने उनको भनाइ छ ।

मुख्यमन्त्री किरण थापामगरले गोसाइँकुण्ड क्षेत्रमा रहेका एक हजार ५०० भन्दा बढी तीर्थयात्रीलाई सुरक्षित फर्काउन सवारीसाधनको व्यवस्था गरी सम्बन्धित निकाय परिचालन गरिएको जानकारी दिए ।

### बाढी प्रभावित चार जिल्लालाई तीन करोड

बागमती प्रदेश सरकारले बाढी प्रभावित रसुवा, नुवाकोट, धादिङ र चितवनमा तत्काल उद्धार तथा राहतका लागि तीन करोड रूपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ । रसुवा र नुवाकोटका सम्बन्धित विपद् व्यवस्थापन कोषमा दुई करोड रूपैयाँ तथा धादिङ र चितवनलाई ५०/५० लाख रूपैयाँ उपलब्ध गराइने प्रदेश सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार विकासमन्त्री भरतबहादुर केसीले जानकारी दिए ।

मन्त्री केसीले जिल्ला प्रशासन कार्यालयमार्फत उक्त रकम उपलब्ध गराउने व्यवस्था मिलाइएको बताए । प्रभावितको उद्धार, राहत वितरण, शव व्यवस्थापन र अवरुद्ध सडक सञ्चालनलाई तत्काल प्राथमिकता दिइएको उनको भनाइ छ ।

प्रदेश सरकारले बाढीमा परी मृत्यु भएका व्यक्तिका परिवारलाई अन्त्येष्टिका लागि प्रतिमृतक २५ हजार रूपैयाँ राहत दिने निर्णयसमेत गरेको छ । घरबारविहीन नागरिकका लागि अस्थायी बसोबास तथा भोजनको व्यवस्था मिलाइएको छ । अलपत्र यात्रुको उद्धार गर्न निःशुल्क बस सञ्चालन गरिएको छ । अवरुद्ध वैकल्पिक मार्ग सफा गरी सवारीसाधन सञ्चालन तथा आवश्यक स्थानमा बेलिब्रिज र झोलुंगे पुल निर्माणको प्रक्रिया अघि बढाइएको मन्त्री केसीले बताए ।

## भोटेकोशी बाढीमा हराएका १९ जना सम्पर्कमा

**धनगढी (प्रस)–** रसुवाको भोटेकोशी नदीमा आएको बाढीको कारण सम्पर्कविहीन भएका कैलालीका १९ जना सम्पर्कमा आएका छन् ।

बाढीको कारण केही दिनदेखि सम्पर्कविहीन भएका जिल्लाका ८२ जनामध्ये १९ जना सम्पर्कमा आई उद्धार भइसकेको जिल्ला प्रशासन कार्यालय कैलालीका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले जानकारी दिए । अझै ६३ जना सम्पर्कविहीन रहेका उनले बताए ।

कार्यालयले कोही कतै थप सम्पर्कविहीन वा सम्पर्कमा आएको भए सोको विवरण यस कार्यालयको जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र ०९१-५१७०५ वा १२३४ मा वा नजिकको प्रहरी कार्यालयमा सूचना वा जानकारी गराइदिन हुन अनुरोध गरेको छ ।

साथै बाढीपीडितको लागि कुनै जिन्सी/वस्तु राहत प्रदान गर्न इच्छुक सहयोगी व्यक्ति तथा संस्थाहरूले सम्बन्धित स्थानीय पालिका वा नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखामा सम्पर्क गर्न वा गराउन कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०५/१४**

यस कम्पनीको मिति २०८३/०४/१२ को साधारण सभा र विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी **रैतारानी एग्रो प्रोडक्सन** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०४/१४ गतेको निर्णयानुसार नाम परिवर्तन गरी **हरियाली एग्रो प्रोडक्सन** (प्रा.लि.नं. ९०८२०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जनउद्धार सेवा समिति टेकु पचलीको सूचना !**

यस समितिको **साधारण सभा** यही मिति २०८३/०६/०४ गते, आइतबारको दिन बिहान ९:०० बजेदेखि समितिको कार्यालय पचली टेकुमा हुन गइरहेको हुँदा यसै सूचनालाई निमन्त्रणा मानी उपस्थितिको लागि सम्पूर्ण सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गरिन्छ ।

**सम्पर्क नं.** ९८५११५४७४१, ९८४९८२३८६५

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०५/१४ गते**

यस कम्पनीको मिति २०८३/०५/०२ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सेन्चुरी पेन्ट्स इण्डष्ट्रिज प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०५/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **निप्पोन जापानीज पेन्ट्स प्रा.लि. (प्रा.लि.नं. ३६९०९१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# ढिलाइले निम्त्याएको मानवीय संकट

रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि सिर्जित भयानक संकटले मुलुकको विपद् व्यवस्थापन, प्राविधिक तयारी र राज्यको तत्परतामाथि गम्भीर प्रश्न उठाएको छ। त्रिशूली नदी आसपासका जलविद्युत् आयोजनाका सुरुङभित्र सयौं कामदार तथा प्राविधिकहरू थुनिएको चार दिन बितिसक्दा पनि उद्धारले अपेक्षित गति लिन नसक्नु अत्यन्तै दुःखद र गैरजिम्मेवार पूर्ण विषय हो। माथिल्लो त्रिशूली 'थ्रि–ए' आयोजनाको सुरुङभित्र मात्रै करिब ६०० व्यक्ति जीवन र मृत्युको दोसाँधमा छटपटाइरहँदा सरकारले देखाएको सुस्तताले पीडितका आफन्तमात्र होइन, सिंगो देशलाई नै स्तब्ध बनाएको छ। मानवीय जीवन बचाउने पहिलो चौबीस घण्टा 'गोल्डेन आवर' मानिन्छ, तर सरकारले त्यो महत्त्वपूर्ण समय आन्तरिक अन्योल र ढिलासुस्तीमै खेर फाल्यो।

नेपालमा नदीमा आएको बाढीका कारण जलविद्युत् आयोजनाको सुरुङभित्र यति ठूलो संख्यामा मानिसहरू फस्नु अहिलेसम्मकै अभूतपूर्व र जटिल प्राविधिक दुर्घटना हो। सुरुङको प्रवेशद्वार र पहुँचमार्ग लेदो र पहिरोले पुरिनुका साथै भित्र अक्सिजनको अभाव हुनुले स्थिति अत्यन्त भयावह बनेको अनुमान गर्न सकिन्छ। हाम्रा सुरक्षा निकायहरूसँग खुला क्षेत्रमा गरिने उद्धार, बाढीपहिरो वा आगलागी नियन्त्रणको अनुभव भए पनि जलविद्युत् सुरुङभित्र छिरेर उद्धार गर्ने विशिष्टीकृत प्रविधि, औजार र दक्ष जनशक्ति छैन। यो तथ्य लुकेको थिएन। प्राविधिक रूपमा कठिन मानिने यस्ता उद्धारका लागि सुरुकै दिनदेखि अन्तर्राष्ट्रिय सहयोग गुहार्नुपर्ने स्पष्ट थियो। तर, घटनाको चौथो दिनपछि मात्रै चीन र भारतका सुरुङ उद्धार विज्ञ टोली परिचालन गरिनुले राज्य संयन्त्रको अदूरदर्शितालाई प्रस्ट पार्छ।

उद्धार टोलीले सुरुङमा सानो प्वाल पारेर अक्सिजन पठाउन थाल्नु र चिनियाँ तथा भारतीय टोली नेपाली सेनासँगै घट्नास्थल पुग्नु ढिलै भए पनि सकारात्मक कदम हो। विशेषज्ञहरूका अनुसार अक्सिजनको प्रवाह निरन्तर रहेमा पाँचदेखि छ दिनसम्म पनि सुरुङभित्र मानिसहरू जीवित रहने सम्भावना रहन्छ। त्यसैले, अब एक सेकेण्डको ढिलाइ पनि क्षम्य हुन सक्दैन। सुरुङभित्र प्रवेश गर्ने मार्गलाई द्रुत गतिमा फराकिलो बनाउने, थप प्राविधिक उपकरणहरू परिचालन गर्ने र अक्सिजन आपूर्ति नरोकियोस् भनी निरन्तर निगरानी राख्ने काममा सम्पूर्ण शक्ति लगाउनुपर्छ।

यो दुर्घटनाले नेपालको पूर्वाधार विकास र जलविद्युत् क्षेत्रमा सुरक्षा मापदण्ड तथा विपद् व्यवस्थापन नीतिको ठूलो खाडललाई छर्लंग पारेको छ। अर्बौं रूपैयाँको लगानीमा आयोजनाहरू निर्माण भइरहँदा आपत्कालीन उद्धारका लागि आवश्यक प्रविधि र संयन्त्र स्थापना नगर्नु आयोजना प्रवर्द्धक र नियामक निकाय दुवैको ठूलो कमजोरी हो। भविष्यमा यस्ता प्राकृतिक विपद् आउँदा सुरुङभित्र काम गर्ने मजदुरको सुरक्षा कसरी गर्ने भन्नेबारे अहिल्यैदेखि दीर्घकालीन रणनीति बनाउनु आवश्यक देखिन्छ।

अहिलेको प्राथमिक दायित्व भनेको सुरुङभित्र फसेका प्रत्येक नागरिकलाई सकुशल बाहिर निकाल्नु नै हो। सरकारले आफ्ना सबै कूटनीतिक र प्राविधिक क्षमताको प्रयोग गर्दै उद्धार कार्यलाई २४ सै घण्टा तीव्रता दिनुपर्छ। पीडित परिवारका आक्रोश र प्रश्नहरू स्वाभाविक छन्। तिनीहरूलाई आश्वासन होइन, परिणाम चाहिएको छ। विपद्को समयमा ढिलासुस्ती गर्नु भनेको नागरिकको जीवनमाथि खेलबाड गर्नु हो। त्यसैले, सरकारले आफ्नो विगतको सुस्तताबाट पाठ सिक्दै चिनियाँ र भारतीय विज्ञ टोलीसँगको पूर्ण समन्वयमा उद्धारलाई निर्णायक मोडमा पुऱ्याउनै पर्छ। जीवन जोगाउने यो अन्तिम घडीमा सरकारको इच्छाशक्ति र कार्यकुशलता व्यवहारमै देखिनु अनिवार्य छ।

श्रम सरोकार

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ। संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ। यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ। तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन।

# प्रकोप रिपोर्टिङको दायित्व र चुनौती



❑ एकराज पाठक

> प्राकृतिक विपद् र यो प्रकोपको समाचार सम्प्रेषण अतिजटिल र संवेदनशील काम हो। जस्तो युद्ध या द्वन्द्वका बेलामा पत्रकारले समाचार सम्प्रेषण गर्दा समाचारदातालाई बढी गाह्रो हुन्थ्यो, यो विपद् या प्रकोप समाचारको रिपोर्टिङमा पनि त्यस्तै अप्ठ्यारो हुन्छ। युद्धका समयमा कतिपय अवस्थामा समाचारदाता नै द्वन्द्वरत क्षेत्रमा नै खट्नुपर्ने हुँदा बढी जोखिम हुन्छ। त्यस्तै जोखिम यो विपद्को समाचार दिने पत्रकारमा पनि हुने गर्छ।

भनिन्छ- सूचना खान त मिल्दैन तर सूचना नपाउँदा मानिस भोकै मर्न भने सक्छ। त्यसैले मानिसका लागि सूचना खाना, बास र अन्य अत्यावश्यकीय एवं आधारभूत वस्तुजस्तै महत्त्वपूर्ण र संवेदनशील हो।

मानिसको दैनिक जीवनयापनकै लागि यति महत्त्वपूर्ण सूचना विपद् अथवा प्रकोपका बेलामा झन् कति महत्त्वपूर्ण होला ? यसकारण अहिले प्रकोप या विपद् रिपोर्टिङलाई पनि विश्वमा पत्रकारिताको एक अलग्गै र विशेष विधाका रूपमा अध्ययन र अभ्यास गर्ने गरिएको छ।

मानिसका लागि सबैभन्दा प्रिय वस्तु भनेको आफ्नो शरीर हो। ऊ बाँच्न र सदैव सुरक्षित रहिरहन चाहन्छ। त्यसैले मानिसको बाँच्ने चाहनाको खोजीमा प्रकोप या विपद्प्रति उसको सबैभन्दा ठूलो चासो एवं सरोकार रहन्छ। पत्रकारिता मानवीय अभिरुचिमा नै बढी केन्द्रित हुने भएकाले नै विश्वमै पछिल्लो समयमा वातावरण, अपराध, विकास, खेलकुदजस्तै विपद् रिपोर्टिङलाई पनि एक अलग्गै विधा र विषयका रूपमा विकास गरेको छ।

प्राकृतिकलगायतका विविध महामरीजन्य प्रकोप अथवा विपद्का समयमा सूचनाले मानिसको ज्यान बचाउने काम गर्ने भएकाले मानिसको जीवनसँग प्रत्यक्ष जोडिएको यो विषयभन्दा अर्को ठूलो मानवीय अभिरुचि हुने कुरा पनि भएन।

यस्तो अवस्थाको रिपोर्टिङ मानव समुदायलाई अन्य सामान्य अवस्था या समयकोभन्दा पनि बढी महत्त्वपूर्ण र आवश्यक रहन्छ। जस्तो कि जापान, इण्डोनेसियालगायतका सामुद्रिक देशहरूमा भूकम्प गएपछि सुनामीको सम्भावना छ कि छैन भन्ने सूचना बडो महत्त्वपूर्ण हुन्छ र मानिसहरू त्यही सूचना कुरेर बसिरहेका हुन्छन्। भूकम्पपछिको यो सूचनाको प्रतीक्षामा लगभग सबै नागरिक रहन्छन्। यदि सुनामीको खतरा छ भने उनीहरू समुद्र तटभन्दा टाढा या त्यस्तै सुरक्षित स्थानमा निस्कन्छन् र यसले हजारौं मानिसको ज्यान बच्दछ।

प्राकृतिक विपद् र यो प्रकोपको समाचार सम्प्रेषण अतिजटिल र संवेदनशील काम हो। जस्तो युद्ध या द्वन्द्वका बेलामा पत्रकारले समाचार सम्प्रेषण गर्दा समाचारदातालाई बढी गाह्रो हुन्थ्यो, यो विपद् या प्रकोप समाचारको रिपोर्टिङमा पनि त्यस्तै अप्ठ्यारो हुन्छ। युद्धका समयमा कतिपय अवस्थामा समाचारदाता नै द्वन्द्वरत क्षेत्रमा नै खट्नुपर्ने हुँदा बढी जोखिम हुन्छ।

जस्तो कि मध्यपूर्वी राष्ट्रहरूमा चलेको प्रजातन्त्रको आन्दोलनमा कयौं युरोपेली, अमेरिकी पत्रकार यस्तो समाचारको रिपोर्टिङकै सिलसिलामा मारिएका थिए। सिरियामै कयौं विदेशी पत्रकार मारिएका छन्। उनीहरूले समाचार पनि दिनुपर्छ र आइपर्ने जोखिम पनि उत्तिकै सामना गर्नुपर्छ। यतिमात्र होइन, उनीहरूलाई द्वन्द्वरत पक्ष विपक्षले पनि आफ्ना कुरा नआएमा तारो बनाउँछ।

त्यस्तै जोखिम यो विपद्को समाचार दिने पत्रकारमा पनि हुने गर्छ। पहिलो कुरा त उनीहरू विपद् या प्रकोप भइरहेको स्थानमा नै खट्नुपर्छ। त्यहाँ प्राकृतिक या मानवनिर्मित के- कस्तो विपद् हो त्यसको जोखिम रहन्छ। त्यस घटनाको सूचना जतिसक्दो चाँडै दिनुपर्छ र आफू पनि बच्नुपर्छ। जस्तै नेपालमा २०७२ सालको महाभूकम्पका समयमा कयौं रेडियो, टेलिभिजनकर्मी आ-आफ्नो स्टुडियोबाट समाचार प्रसारण गर्न बाध्य भए तर पनि ती स्टुडियो राखिएका घर भूकम्पबाट सुरक्षित थिए या थिएनन् भन्ने सूचना उनीहरूसँगै थिएन। यसरी आफू खतरामा रहेर पनि उनीहरू सूचना दिन बाध्य भएजस्तै हो प्रकोप रिपोर्टिङको अवस्था। भूकम्पको जोखिमको अवस्थामा पनि 'फिल्ड'मै खटेर समाचार सम्प्रेषण गर्नु त छँदै छ।

प्रायः प्रकृतिले पार्ने प्रकोप नै यसअन्तर्गत पर्दछन् जस्तो कि बाढी, पहिरो, चटयाङ, ज्वालामुखी, हुरी, बतास, आँधी, भूकम्प, सुनामी, खडेरी, शीतलहर आदि। यो मानिसको काबु बाहिरको अवस्था हो। प्रकृतिले पार्ने यसलाई प्राकृतिक प्रकोप भनिएको हो। मानिसले यस्ता प्रकोप हटाउन सक्दैन तर केही प्रयासहरूबाट घटाउन भने सकिन्छ। प्रकोप या विपद् भइसकेपछि मानिसलाई सुरक्षित बनाउन भने विपद् रिपोर्टिङ आवश्यक पर्दछ।

फेरि कतिपय मानवनिर्मित प्रकोपहरू पनि हुन्छन्। युद्ध, द्वन्द्व, यातायात दुर्घटना, आगलागी आदि मानवनिर्मित प्रकोप हुन्। यस्ता प्रकृतिका प्रकोपलाई रोक्न पनि सकिन्छ तर प्राकृतिक प्रकोपलाई हामीले माथि भनेजस्तै रोक्न सकिँदैन। मानिसले सिर्जना गर्ने वातावरण र परिस्थितिका कारण यस्ता प्रकोपहरू हुने भएकाले यी प्रकोपलाई हटाउन पनि सकिन्छ। युद्ध र द्वन्द्वको अवस्था मानिसले नै सिर्जना गर्ने हो। त्यसैले मानवनिर्मित प्रकोप या विपद् व्यवस्थापनका लागि समाचारदाताको भूमिकालाई महत्त्वपूर्ण मानिन्छ।

सामान्यतया प्रकोप विपद् रिपोर्टिङलाई तीन चरणमा अध्ययन या अभ्यास गर्न सकिन्छ। प्रकोप या विपद्अघिको सञ्चार अर्थात् रिपोर्टिङ, प्रकोप भइरहेकै समयको रिपोर्टिङ र प्रकोपपछिको रिपोर्टिङ। प्राकृतिक विपत्तिकाबारेमा पहिले नै जानकारी पाएर समाचारदाताले समाचार त लेख्न सक्दैन। तर पनि त्यसको पूर्वतयारीको सञ्चार भने गर्न सक्छ।

विपद् आउनुअघि नै सजगता अपनाएर समाचार सम्प्रेषण गर्नसकेमा यस्ता सूचनाहरूबाट नागरिकको ज्यान बच्ने र ठूलो क्षति हुनबाट जोगिन सक्छ। पत्रकारिताको काम क्षति हुन नदिने, क्षति भए पनि क्षतिको न्यूनीकरण गर्ने र क्षति प्रकोप आउनुअगावै पनि नागरिकलाई सजग, सचेत गराउने नै हो। हुन त यस्तो काम सजिलो छैन, त्यसैले पत्रकारिता जटिल जागिर नै हो।

भूकम्प, बाढी, पहिरो आगलागीजस्ता दैवी तथा प्राकृतिक प्रकोपहरू कहिले र कुनबेला आउँछन् भन्नेबारेमा पत्रकारलाई पहिल्यै थाहा हुने कुरा त भएन तर पनि यस्ता प्रकोपहरू आउन सक्छन् भनेर पत्रकारले ती प्रकोपबाट सामान्यतया बच्नसक्ने सूचना दिँदा त्यसले आममानिसमा ठूलो सहायता पुग्छ। जस्तो कि भोटेकोशीमा ठूलो बाढी आउँदा तटीय क्षेत्रका नागरिकले माथिल्लो भूभागतिर भागेर बाँच्नसक्ने, त्योभन्दा पनि धेरै खोला किनारमा बस्ती नबसाल्नेजस्ता सूचनाले सर्वसाधारणलाई सजग गराउन सक्छ।

खोलामा घर बनाउनु हुँदैन भन्ने सामान्य जानकारी त सबैमा होला, तर पनि भोटेकोशीको उत्पत्तिस्थलमा ठूला हिमताल रहेका र जलवायु परिवर्तनको प्रभावका कारण ती पग्लिएर क्षति पुऱ्याउनसक्ने सूचना पत्रकारले पहिले नै पनि दिन सक्दछ। भूकम्प कुनबेला आउँछ भन्नेबारेको पूर्वसूचना दिन नसके पनि भूकम्पले पुऱ्याउने क्षतिबारे जानकारी गराएर सुरक्षित संरचना निर्माणमा सूचनाले काम गर्न सक्छ।

त्यस्तै, भूकम्पपछि कसरी बच्ने, उद्धार कसरी गर्ने, औषधि उपचारको व्यवस्था कस्तो हुने, अस्पतालहरूले त्यस्तो अवस्थामा कसरी काम गर्ने, त्यस्तो आपत्का बेलामा खानेपानी, अत्यावश्यकीय सेवाको आपूर्ति कसरी गर्ने भन्नेबारेमा सूचनाबाट व्यक्ति तथा राज्य पनि लाभान्वित हुनसक्छ।

अर्को चरण हो प्रकोप या विपद्को समयको रिपोर्टिङ। प्रकोप या विपद् भइरहेकै बेलामा गरिने समाचार सम्प्रेषण यसअन्तर्गत पर्दछ। विपद्पूर्वको भन्दा बढी संवेदनशील समय र कार्य दुवै हो। अझ भन्ने हो भने समाचारको मूल्यको हिसाबले हेर्दा यो समयको रिपोर्टिङको महत्त्व र संवेदनशीलता धेरै ठूलो छ किनभने यस्तो बेलामा अत्तालिएका मानिसले आफू बच्ने उपाय तथा कम क्षतिका लागि सहारा खोजिरहेको हुन्छ। यस्तो बेलाको सही सूचनाले कयौंमा सान्त्वना दिन तथा नागरिकको ज्यान जोगाउन सक्छ। यस्तो समयको सहारा भनेको रेडियो, टिभी नै हुन् र अहिले त्योभन्दा बढी प्रभावकारी सामाजिक सञ्जाल भएका छन्।

प्रकोपले पत्रकार नचिन्ने भएकाले सबैभन्दा पहिला त आफ्नो ज्यान जोगाएर काम गर्नुपर्छ। यो अरु बेलाकोजस्तो सामान्य अवस्था होइन भनेर बुझ्नुपर्दछ। समाचारदाताहरू सम्भव छ भने सकेसम्म दुर्घटनास्थलमा पुगेको राम्रो। यसले नागरिकले बच्ने उपायहरू कसरी अपनाएका छन् भन्ने कुरा थाहा हुन्छ। ती उपायको रिपोर्टिङ अन्यत्रलाई पनि काम गर्ने छ।

जस्तो कि २०७२ सालको भूकम्पका समयमा असन, बागबजार, नयाँ सडकका बाक्लो बस्तीका नागरिकहरू खुलामञ्चमा जम्मा भएका थिए। मिडियाले यो समाचारका साथै सबै नागरिकलाई घर, पर्खाल या कुनै संरचनाको नजिक नबस्न र खुलाचौरमा बस्न सुझाव दिएका थिए। नागरिकले के समस्या भोगेका छन्, अत्यावश्यकीय सेवाजस्तो पानी, औषधि या उद्धार सेवा पाएका छन् कि छैनन् भन्नेबारेको सूचना महत्त्वपूर्ण रहन्छ। यस्ता सूचनाले सरकारलाई उद्धारको काम गर्न, अत्यावश्यकीय सेवा पुऱ्याउन सहयोग गर्ने छ।

कहाँ के कति क्षति भयो, प्रकोप कति सयम रहन्छ, बच्ने कस्ता उपाय अवलम्बन गर्ने, भन्ने कौतुहलमा बाँचिरहेका मानिसलाई सान्त्वनायुक्त सूचनाले काम गर्छ। त्यसैले यस्तो समयको सबैको अभिभावक मिडिया नै मानिन्छ। भूकम्पका समयमा नागरिकका कानकानमा रेडियो झुण्डिएको त हामीले देखेकै हो। त्यस्तो बेलामा नागरिकलाई गलत सूचना दिइयो भने अवस्था के होला ?

यस्तो समयमा सञ्चारकर्मीले आफू पत्रकार होइन कि उद्धारकर्मी नै हुँ भनेर काम गर्नुपर्छ। ऊ आफैंले उद्धारका सामग्री बोकेर जाने होइन कि यस्तो समयमा सुरक्षाकर्मी, उद्धारकर्मी, सरकार, चिकित्सकको आँखा सबैतिर नपुग्न पनि सक्छ र ती आँखा पत्रकारले पुऱ्याइदिनुपर्छ।

प्रकोपपछिको रिपोर्टिङ अर्को चरण हो र यतिखेर हामी भोटेकोशी बाढीको प्रकोपपछिको यही चरणमा छौं। यो अवस्था भनेको प्राकृतिक प्रकोप भइसकेपछिको तत्कालैको उद्धारबाट सुरु भएर पीडितहरूको पुनःस्थापनासम्मको हो। सुरुमा प्रकोपको तत्कालको उद्धारको कामलाई समाचारदाताले पछ्याउनुपर्छ। त्यसपछिको चरण भनेको दीर्घकालीनरूपमा पीडितलाई पुनःस्थापना गर्ने, राज्यले सहायता दिने र ती भत्किएका या क्षति पुगेका संरचनाको पुनर्निर्माणको काम गर्नेसम्म पर्दछ।

यो चरणमा के-कति क्षति भयो, कस्तो असर गऱ्यो भन्ने विभिन्न खालका समाचार, विश्लेषण आउँछन्। त्यसैले यस्तो बेलामा सरकार र सम्बन्धित निकायलाई सही सुझाव दिएर पीडितलाई सहयोग पुऱ्याउने खालका समाचारहरू दिनुपर्दछ। प्रकोप र विपद्मा परेका नागरिकलाई उद्धारपछि राहतको कामका लागि रिपोर्टिङका माध्यमबाट सहयोग गर्नुपर्छ। यहाँनेर आइपुग्दा उद्धारको काम लगभग सकिएर राहत सुरु भएको हुन्छ।

राहतको काममा सरकारको ध्यान नपुग्न पनि सक्ने भएकाले यस्तो अवस्था आउन नदिनका लागि समाचारले निगरानी गर्नुपर्छ। प्रकोपपीडित नागरिक कहाँ छन्, कस्तो अवस्थामा बसेका छन्, उनीहरूको भौतिक सम्पत्ति के-कति र कसरी गुमेको छ, परिवार गुमाएकाका लागि सरकारले तत्कालका लागि के गर्नसक्छ र गर्नुपर्छ भन्नेबारेमा निरन्तररूपमा रिपोर्टिङ गर्नुपर्छ।

परिवारका सदस्य गुमाउने, घरबास गुमाउनेजस्तो पीडामा नागरिक पर्ने भएकाले यस्तो अवस्थामा सरकार उनीहरूको साथमा पुगेको छ छैन, समुदाय या अन्य दातृ संस्थाको सहयोग प्राप्त भएको छ छैन भन्ने विषयमा ध्यान दिनुपर्छ। अब यहाँ तत्कालका लागि प्रदान गरिएको राहत नभएर दिगो तथा स्थायी पुनःस्थापनाका बारेमा पनि प्रेसले सरकार र अन्य सरोकारवालाहरूको ध्यानाकर्षण गराउनुपर्दछ। *रासस*

पाठक मञ्च

# उद्धारमा ढिलासुस्तीः प्रचार होइन, परिणाम चाहियो !

भोटेकोशी नदीको विनाशकारी बाढीले पुऱ्याएको अपूरणीय क्षति र त्यसपछिको फितलो उद्धार व्यवस्थापनप्रति गम्भीर ध्यानाकर्षण गराउन यो पत्र लेख्दै छु। प्राकृतिक विपद् आफैंमा अनियन्त्रित र अप्रत्यासित हुन्छ, तर विपद्पछिको उद्धार, राहत र पुनर्स्थापना भने पूर्णतः राज्यको दायित्व, क्षमता र इच्छाशक्तिमा निर्भर हुने विषय हो। दुर्भाग्यवश, बाढीको ७२ घण्टा बितिसक्दा पनि उद्धार कार्यले तीव्र गति लिन नसक्नु र पीडितहरूले राज्यको उपस्थिति महसुस गर्न नपाउनु अत्यन्त दुःखी र निराशाजनक पक्ष हो।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल विपद् व्यवस्थापनमा अग्रपंक्तिमा खटिने, स्थानीय जनतासँग प्रत्यक्ष जोडिएका र विपद्को अनुभव बोकेका निकाय हुन्। तर, अहिलेको संकटमा यी निकायहरूलाई सीमित साधन-स्रोतमा राखेर वा माथिको आदेशको पर्खाइमा बाँधेर उनीहरूको कार्यक्षमतालाई कुण्ठित बनाइएको देखिन्छ। प्रभावित क्षेत्रमा खटिएका प्रहरी जवानहरू आफैं आधारभूत सुविधाविहीन अवस्थामा काम गर्न बाध्य हुनु र स्थानीय तहका जनप्रतिनिधिहरूले शव व्यवस्थापनका लागिसमेत माथिल्लो निकायको आदेश पर्खिनुपर्ने स्थिति सिर्जना हुनुले प्रशासनिक सुस्तता र समन्वयको चरम अभावलाई छर्लंग पार्छ।

प्रधानमन्त्री र गृहमन्त्रीजस्ता जिम्मेवार पदमा रहेका व्यक्तिहरू सैनिक ब्यारेक, सामाजिक सञ्जाल वा केवल आकाशमा उड्ने हेलिकप्टरमा मात्र सीमित नभई नागरिकको प्रत्यक्ष जीवनरक्षामा देखिनुपर्छ। 'ठाउँ अप्ठ्यारो छ' वा 'ल्याण्डिङ गर्ने ठाउँ छैन' भनेर पन्छिनु राज्यका जिम्मेवार व्यक्तिहरूलाई सुहाउने भाषा होइन। विपद्को समयमा प्रविधिको प्रयोग, हेलिकप्टरको कुशल व्यवस्थापन र विशेष उद्धार टोलीको परिचालन गरेर असम्भवलाई पनि सम्भव बनाउनु राज्यको दायित्व हो।

विपद् व्यवस्थापनलाई शीघ्र र प्रभावकारी बनाउन सरकारले तत्काल निम्न कदमहरू चाल्नु अनिवार्य छः

### एकीकृत कमाण्ड र त्रि-सुरक्षा निकायको पूर्णपरिचालनः

केवल एउटा निकायमामात्र निर्भर नरही नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनालाई स्पष्ट क्षेत्राधिकार, हवाई साधन र स्रोत-साधन दिएर संयुक्त रूपमा 'फ्रन्टलाइन'मा खटाइयोस्।

### स्थानीय तहलाई अधिकार र स्रोत हस्तान्तरणः

विपद्को समयमा सबैभन्दा पहिलो र प्रत्यक्ष सहयोगी स्थानीय सरकार नै हुन्छ। त्यसैले, माथिल्लो आदेशको चाङ थुपार्नुको साटो स्थानीय पालिका र प्रशासनलाई उद्धार, राहत र शव व्यवस्थापनको पूर्ण अधिकार र बजेट तत्काल हस्तान्तरण गरियोस्।

### अन्तर्राष्ट्रिय सहायताको द्रुत र पारदर्शी उपयोगः

मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूबाट प्राप्त भइरहेको अर्बौं रूपैयाँको राहत कोष र उद्धार सामग्री (जस्तैः भारतबाट आएको टनेल रेस्क्यु टिम र बेली ब्रिज) लाई विनाकुनै प्रशासनिक ढिलासुस्ती सिधै प्रभावित क्षेत्रमा पुऱ्याउने पारदर्शी संयन्त्र बनाइयोस्।

### सञ्चार र यातायातको तत्काल पुनर्स्थापनाः

सडक र सञ्चार सम्पर्क विच्छेद भएका कारण मानिसहरू उद्धारको पर्खाइमा छन्। बेली ब्रिज र अस्थायी टावरहरू तुरुन्त खडा गरी उद्धार कार्यलाई तीव्रता दिइयोस्।

अहिलेको समय आरोप-प्रत्यारोप वा सामाजिक सञ्जालमा प्रचारबाजी गर्ने होइन। संकटको यो घडीमा सरकारले आफ्नो लाचारीपन त्यागेर प्रशासनिक जटिलतालाई पन्छाउँदै पूर्णसंवेदनशील र सक्रिय भई उद्धार कार्यमा जुट्न हार्दिक आग्रह गर्दछु।

- **रमेश सापकोटा**
बूढानीलकण्ठ, काठमाडौं



**संखुवासभामा निकालिएको गाईजात्रा** | संखुवासभाको सदरमुकाम खाँदबारीमा शनिवार निकालिएको गाईजात्रा । *तस्बिरः रासस*

# गोरखामा भेटिएका २९ शवको अन्त्येष्टि गरियो

**गोरखा–** भोटेकोशीमा बुधबार गएको बाढीले बगाएर त्रिशूली नदीको गोरखातर्फको बगरमा ल्याएका शवको अन्त्येष्टि गरिएको छ । प्रशासन कार्यालयले जिल्लामा हालसम्म फेला परेका ५५ शवमध्ये २९ वटाको अन्त्येष्टि गरेको जानकारी दिएको छ ।

पहिचान खुल्न नसक्ने, शरीरका विभिन्न अंगहरूको अन्त्येष्टि गरेको प्रमख जिल्ला अधिकारी तुलसीप्रसाद श्रेष्ठले बताए । 'गोरखामा शवगृहको अभाव छ । दैनिक शव फेला पर्ने क्रम बढ्दै गएपछि व्यवस्थापनका लागि पहिचान खुल्न नसक्ने शव अन्त्येष्टि गरेका हौं,' उनले भने ।

उक्त शवबाट आवश्यक डिएनए स्याम्पल लिएर अन्त्येष्टि गरेको उनले जानकारी दिए । पर्याप्त व्यवस्थित शवगृह नहुँदा शव बिग्रने, गन्हाउने र रोगसमेत फैलने हुँदा व्यवस्थापनका लागि अन्त्येष्टि गर्नु परेको उनले बताए ।

प्रजिअ श्रेष्ठका अनुसार गोरखामा २३ वटा पहिचान खुल्नसक्ने सग्लो शव भेटिएका छन् । हालसम्म फेला परेका सग्ला शवमध्ये ११ वटा पोखरा पठाइएको छ । बाँकी शव भने प्रदेश अस्पताल गोरखा एवं एनपिआई गोरखा अस्पतालको शवगृहमा राखिएको र केही शव अस्पतालसम्म आइपुग्दै छन् ।

जिल्ला प्रहरी कार्यालयलले २९ वटा शवको सहिदलखन गाउँपालिका-९ बुंकोटघाटस्थित बूढीगण्डकीको किनारमा अन्त्येष्टि गरेको छ । प्रहरीले केन्द्रबाट प्राप्त कार्यविधिअनुसार गाडेर शवको अन्त्येष्टि गरिएको जनाएको छ । *रासस*

# सकियो भक्तपुरको गाईजात्रा



**ख्वप (भक्तपुर)–** भैलद्य (बाँस, परालको सहायताले बनाइने गाईको प्रतीक) को परिक्रमाको समापनसँगै भक्तपुरको पहिलो दिनको गाईजात्रा सम्पन्न भएको छ ।

भक्तपुर नगरपालिका-४ लैको लाकुलाछेंमा राखेर बनाइएको भैलद्यको परिक्रमासँगै पहिलो दिनको जात्रा समापन हुने परम्परा छ । जात्रालाई समयमै समापन गरी व्यवस्थित गर्ने उद्देश्यका साथ यो वर्ष तालिका बनाइ साँझ ४ बजेदेखि भैलद्यको परिक्रमा थालिएको थियो । भक्तपुरको गाईजात्राको विशेष आकर्षण भैलद्यको परिक्रमा नै हो ।

लाकुलाछेंबाट भैलद्यलाई न्यातापोल मन्दिर हुँदै नगर परिक्रमा थालिन्छ । यो क्रममा न्यातापोल मन्दिरमा विशेष भीड लाग्छ । यो भन्दा बढी भीड दरबार क्षेत्रमा लागेको हुन्छ । यहाँ भैलद्यसँगै त्यसका पछाडिका ताहासा (गाईको प्रतीक) पनि रहने भएको र ठूलो क्षेत्रमा तीन चक्कर घुमाउने भएकाले यहाँको दृश्य निकै मनमोहक हुने गर्दछ ।

यो वर्ष भैलद्यसँगै कूल २० वटा ताहासाहरू रहेको भैरवनाथ जात्रा सहयोग समिति लैंको लाकुलाछें भक्तपुरका अध्यक्ष शिवराम किजूले जानकारी दिए । उनका अनुसार प्रत्येक वर्षजस्तै भैलद्यलाई लाकुलाछेंबाट सुरु गरी भक्तपुर नगर परिक्रमा गराई लाकुलाछेंमै पुगेर समापन गरिन्छ । यसपछि जात्रा समापन हुने परम्परा रहेको उनले बताए ।

> भक्तपुरको गाईजात्राको विशेष आकर्षण भैलद्यको परिक्रमा नै हो । लाकुलाछेंबाट भैलद्यलाई न्यातापोल मन्दिर हुँदै नगर परिक्रमा थालिन्छ । यो क्रममा न्यातापोल मन्दिरमा विशेष भीड लाग्छ । यो भन्दा बढी भीड दरबार क्षेत्रमा लागेको हुन्छ । यहाँ भैलद्यसँगै त्यसका पछाडिका ताहासा (गाईको प्रतीक) पनि रहने भएको र ठूलो क्षेत्रमा तीन चक्कर घुमाउने भएकाले यहाँको दृश्य निकै मनमोहक हुने गर्दछ ।

योसँगै भक्तपुरको गाईजात्राको विशेष आकर्षण घिन्तान्गिसी नाच हो । नगरका प्रत्येक व्यक्तिको मृत्युमा गाईको प्रतीक स्वरूप ताहासा बनाई त्यसको अगाडि बाजागाजाका साथ नाच नाच्नेहरू रहन्छन् । जोडीजोडीमा लठी जुधाएर घिन्तागिसी नाच नाचिन्छ । प्रत्येक ताहासासँगै दर्जनौं जोडी घिन्तागिसी नाचेर आएका हुन्छन् । यस हिसाबले बिहानदेखि रातिसम्म यस्ता सयौं टोलीले पूरै भक्तपुर नगर घिन्तागिसी नाचमय बनेको थियो ।

एकजना जात्राप्रेमी स्वर्णिमा मूल यही कारण गाईजात्रामा दिनभर भक्तपुर नगर पूरै बाजागाजामय बन्ने बताउँछन् । जात्राको दिन पूरै भक्तपुर नाचेको महसुस हुने उनी बताउँछन् । जात्रामा एउटै टोलीमा पनि सयौ नाचमा सहभागी हुने उनी बताउँछन् । पाँच-दस वर्षको बालबालिकादेखि ७०-८० वर्षका वृद्धवृद्धासम्म नाचमा सहभागी हुने उनी बताउँछन् । यसका साथै बजारभरि हजारौं मानिस जात्रा हेर्न बसेका हुन्छन् ।

यसैबीच, रसुवा बाढीबाट मृत्यु भएका भक्तपुरका सत्यसुन्दर प्रजापतिको गाई पनि शनिबार नै घुमाइएको छ । सामान्यरूपमा घिन्तागिसीको टोली नराखी प्रजापतिको गाई घुमाइएको हो । वर्षभरिमा मृत्यु भएका परिवारको घरबाट सुरु भई पूरै भक्तपुर बजार परिक्रमा गरी आफ्नै घरमा पुगेपछि जात्रा सम्पन्न हुने गर्दछ ।

आठ रात नौ दिन लामो भक्तपुरको गाईजात्राको शनिबार दोस्रो दिन हो । भोलि आइतबारदेखि जात्रा अझै सातदिन चल्ने छ । तर जात्रा आज शनिबारको जस्तो दिनभर धुमधाम हुने भने छैन । अन्य दिनहरूमा साँझसाँझ व्यंग्यात्मक गाईजात्रा हुने गर्दछ । यस क्रममा टोलटोलबाट व्यंग्यात्मक प्लेकार्डहरू बोकेर घिन्तागिसी नाच निकालिन्छ । साथै, यी दिनहरूमा टोलटोलबाट विभिन्न नाचहरू पनि प्रदर्शन गरिन्छ । *रासस*

**भोटेकोशी बाढी**

# सम्पर्कविहीन आफन्त, नरोकिएका आँसु र दर्दनाक पर्खाइमा परिवार

■ **सनद अधिकारी**

**नारायणगढ (चितवन)–** कुनै बेला मेला, महोत्सव तथा राजनीतिक दलका अधिवेशन र चुनावी मतगणनास्थलका रूपमा चहलपहल हुने भरतपुर महानगरपालिका-१० स्थित चितवन उद्योग संघको परिसर अहिले भीडले भरिएको छ । यो भीड पहिलाकोभन्दा फरक र कारुणिक छ ।

मनभरि पीडा, थकानले गलेका खुट्टा र काँपेको शरीर बोकेर चर्को घाममा भोक र तिर्खाको पनि वास्ता नगरी टोलाइरहेका मानिसहरूको एउटै पुकार छ- 'हाम्रा मान्छेको सास भेटिए हुन्थ्यो, कि त लासै पत्ता लागे पनि हुन्थ्यो' ।

झट्ट हेर्दा र सुन्दा कुनै खराब सपनाजस्तो लाग्ने यो दृश्य वास्तविकता हो । भरतपुर अस्पताल नजिकै चितवन उद्योग संघको नजिकै रहेको औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको पुरानो भवनलाई अहिले शव संरक्षणस्थलका रूपमा प्रयोग गरिएको छ । रसुवा तथा भोटेकोशी नदीमा आएको बाढीका कारण सम्पर्कविहीन भएका नागरिकहरूको खोजी र पहिचानका लागि चितवन आइपुगेका आफन्तजनका लागि यो दर्दनाक र पीडादायी क्षण हो ।

नारायणी र त्रिशूली नदी किनारबाट संकलन गरिएका २३३ शवमध्ये हालसम्म चार वटाकोमात्रै पहिचान भएको छ । बाँकी २२९ शवलाई होल्डिङ सेन्टर तथा विभिन्न स्वास्थ्य संस्थामा राखिएको चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जानकारी दिए । उनका अनुसार होल्डिङ सेन्टर, स्वास्थ्य संस्था तथा नदी तटबाट संकलन गरिएका शव तथा शवका अवशेषहरू सड्न थालेका छन् । जसका कारण कतिपय शव अब अनुहार र शारीरिक बनावटका आधारमा पहिचान गर्न नसकिने अवस्थामा पुगेका छन् ।

उद्योग संघको परिसरमा वीरगञ्ज महानगरपालिका-२२ का अली मोहम्मद मिया आफ्ना २२ वर्षीय छोरा साबुदिन मन्सुरीको तस्बिर लिएर भरतपुरस्थित अस्पताल र शवगृहका ढोकाहरूमा भौतारि इरहेका छन् । रोजगारीको सिलसिलामा रसुवाको एक ग्यारेजमा मेकानिकको काम गर्न गएका साबुदिन भोटेकोशी र आसपासका क्षेत्रमा आएको बाढीपछि ग्यारेज साहु र अन्य पाँच जना साथीहरूसँगै सम्पर्कविहीन भएका उनले बताए ।

'बिहानैदेखि छोराको खोजीमा छु, कसैले खबर पाए प्रहरीचौकीमा भनिदिए हुन्थ्यो,' भक्कानिँदै अली मोहम्मदले भने, 'बाढीमा परेकाहरूको केही अत्तोपत्तो छैन ।' उनले शवगृह र होल्डिङ सेन्टरका सबैतिर हेर्दा पनि छोराको कुनै जानकारी नपाएको बताए । 'केही जानकारी आए खबर गरिदिनु ल...,' भन्दाभन्दै उनको बोली रोकियो र आँसु खसाल्दै भने, 'मेरो छोरा यी शवहरूमा छैन, कतै भेटिए खबर गरिदिनुहोला ।'

यो सास्ती र पीडा अली मोहम्मदकोमात्र होइन । भोटेकोशी बाढीका कारण देशका विभिन्न स्थानबाट काम तथा भ्रमणका क्रममा पुगेर सम्पर्कविहीन भएका नागरिकका आफन्तहरू यतिबेला चितवनको भरतपुरमा शव पहिचानका लागि भौतारिइरहेका छन् ।

धादिङको धुनिबेंसी नगरपालिकाका नगरप्रमुख  बालकृष्ण आचार्यका आफ्ना सम्पर्कविहीन नागरिक खोज्न यहाँ आएका छन् । उनका अनुसार धुनिबेंसीका ११ जना डब्बा गाडीका चालक तथा मजदुरहरू रसुवा क्षेत्रबाट सम्पर्कविहीन भएका छन् । नगरप्रमुख आचार्यले भने, 'सडक अवरुद्ध भएकाले घटनास्थल पुग्न सकिने अवस्था छैन । भरतपुर ल्याइएका शवहरू पनि क्षतविक्षत भएकाले तस्बिर हेरेर चिन्न कठिन भइरहेको छ ।'

तराईका जिल्लाहरूबाट मजदुरी गर्न गएका युवाहरूको अवस्था पनि उस्तै कारुणिक छ । सप्तरीको खडक नगरपालिकाका भोला पासवान र डाक्नेश्वरी नगरपालिकाका अक्षकुमार पासवान आफ्ना छोराहरू क्रमशः अखिलेश र निसितको खोजीमा यतिबेला भरतपुरमा भौतारिइरहेका छन् ।



> नारायणी र त्रिशूली नदी किनार बाट संकलन गरिएका २३३ शवमध्ये हालसम्म चार वटाको मात्रै पहिचान भएको छ । बाँकी २२९ शवलाई होल्डिङ सेन्टर तथा विभिन्न स्वास्थ्य संस्थामा राखिएको चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जानकारी दिए । उनका अनुसार होल्डिङ सेन्टर, स्वास्थ्य संस्था तथा नदी तटबाट संकलन गरि एका शव तथा शवका अवशेषहरु सड्न थालेका छन् । जसका कारण कतिपय शव अब अनुहार र शारीरिक बनावटका आधारमा पहिचान गर्न नसकिने अवस्थामा पुगेका छन् ।

काम गर्न रसुवा पुगेका उनीहरूका छोराको हालसम्म कुनै खबर छैन । शोकमा परेका यी दुई बुबालाई आफ्ना छोराहरू जीवितै भेटिएलान् भन्ने झिनो आशा त छ, तर मनलाई सम्हाल्न नसकेर शव भए पनि फेला पर्छ कि भनेर यहाँसम्म आएका हुन् । भोलाले पीडा पोख्दै भने, 'सप्तरीबाट चितवनसम्म आइपुगेँ, तर केही अत्तोपत्तो छैन । कहाँ जाऊँ, के गरूँ ? भित्र छिर्छु, बाहिर राखेको तस्बिर हेर्छु, तर छोराको केही पत्तो पाउन सकेको छैन । अक्षयको पनि उस्तै हाल छ ।'

सप्तरीकै खडक नगरपालिकाबाट त्यहाँ पुगेका एक जनाका आफन्तले भतिज हराएपछि चितवनको शव पहिचान केन्द्रसम्म आइपुगेको बताए । भतिजसँग भदौ १० गते बिहान ९:०० बजेतिर टेलिफोनमा कुराकानी भएको जानकारी दिँदै उनले भने, 'फोनमा बोल्दाबोल्दै अचानक सम्पर्क विच्छेद भयो, त्यसपछि हालसम्म कुनै खबर पाउन सकिएको छैन ।'

त्यसैगरी, बाँकेका करिंगा ठाकुर पनि आफ्ना भाइ र भतिजको खोजीमा शव पहिचान केन्द्रअगाडि टोलाइरहेका छन् । भाइ र भतिज कामको सिलसिलामा रसुवा पुगेका र बाढीपछि सम्पर्कविहीन भएका थाहा पाएपछि उनी चितवन आइपुगेका हुन् । उनले पीडा पोख्दै भने, 'भाइ र भतिज हराएको खबर पाएपछि आज बिहानमात्र यहाँ आइपुगेको हुँ । यहाँ ल्याइएका शवका तस्बिरहरू हेरेँ, तर क्षतविक्षत भएकाले चिन्नै गाह्रो भयो ।'

खोजीका क्रममा नुवाकोट ककनीका सन्तोष बलामी र टेकबहादुर बलामी पनि शव पहिचान केन्द्रमा भौतारिइरहेका छन् । सन्तोषले भने, 'तीन दिनदेखि खोजी गर्दै यहाँसम्म आइपुगेका छौं । आफन्तहरू कोही कता, कोही कता पुगेर खोजिरहेका छौं ।' आफन्तको खोजीमा यहाँ आइपुगेका उनीहरू बाहिर राखिएका तस्बिर र भित्रका शवहरूसँग हुलिया मिल्छ कि भनेर नियालिरहेका छन् । तर, क्षतविक्षत बनेका कारुणिक शवहरू हेर्न र तस्बिरबाट पहिचान गर्न उनीहरूलाई अत्यन्तै मुस्किल परेको छ । फोटो हेर्दा केही हुलिया मिलेजस्तो लागेरभित्र छिरेका उनीहरू शवमा आफन्तको हुलिया र शरीरमा भएको टचाटु खोज्दै टोलाउन बाध्य छन् ।

यसैगरी, लाङटाङ खोला जलविद्युत् आयोजनामा कार्यरत ३१ वर्षीय सिभिल इञ्जिनियर अभिषेक आचार्यका काका गणेशप्रसाद बरालले सुरुङ (टनेल) भित्रै मजदुरहरू थुनिएको हुनसक्ने आशंका व्यक्त गरे । पोखराबाट यहाँ आएका बरालले मौसम प्रतिकूल भए पनि उद्धार कार्यलाई तीव्र बनाउन र जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना प्रणाली चुस्त राख्न माग गरे । उनले भने, 'भदौ १० गते बिहान ८:०० बजेसम्म बाबु परिवारको सम्पर्कमा थियो । 'म खाजा खाएर कामतिर जान लागेँ' भनेर भनेको थियो । तर त्यसपछि हालसम्म कुनै सम्पर्क हुन सकेको छैन ।'

उनीसँगै पोखराबाट आएका दामोदर पौडेलले पनि इञ्जिनियर आचार्य सम्पर्कमा नआएको बताउँदै जोखिमयुक्त सुरुङहरूमा काम गर्ने मजदुर तथा कर्मचारीहरूलाई पूर्वसूचना दिने प्रणाली र सुरक्षा तालिमको उचित व्यवस्था हुनुपर्नेमा जोड दिए । नेपाली नागरिकमात्र नभई चीनतर्फको मानसरोवर यात्राका लागि टिमुरे पुगेका भारतीय नागरिक रुबिका डेभिड र प्रेरणा कालेसमेत भदौ १० गते बिहानदेखि सम्पर्कविहीन रहेका उनीहरूका नेपाली साथी प्रभात ढुंगानाले जानकारी दिए । उनले भने, 'म मेरा साथीहरूका परिवारको खोजीका लागि यहाँ आएको हुँ । उहाँहरू मुम्बईबाट मानसरोवर यात्राका लागि नेपाल हुँदै आउनुभएको थियो । भदौ १० गते बिहान ७:३० बजे चिनियाँ इमिग्रेसनका लागि हिँडचौं भनेर खबर आएपछि उनीहरूसँग कुनै सम्पर्क भएको छैन । खबर पाएपछि म यहाँ आएर शवगृह र अस्पतालहरूमा हेर्दै, बुझ्दै छु ।'

नुवाकोटबाट बुहारी नाता पर्ने हराएपछि चितवनकी सोविता तिमिल्सिना पनि शव पहिचान केन्द्रमा भौतारिइरहेका छ । उनले भने, 'त्रिशूली नदीनजिकै खेत गोड्ने क्रममा बाढी आएर बुहारी हराएपछि हामीले खोज्न थालेका हौं । अहिलेसम्म कुनै सम्पर्क छैन । अब यहाँ राखिएका शव र तस्बिरहरू हेरेर केही पत्तो लाग्छ कि भन्ने आशाले आएका हौं ।'

नदी किनारमा शवहरू फेला पर्ने क्रम जारी रहे पनि अधिकांश शवको अनुहार र शारीरिक बनावट बिग्रिएकाले पहिचानमा गम्भीर समस्या थपिएको छ । उद्धार र खोजीका लागि स्थानीय प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेना परिचालन गरिएको छ भने विभिन्न सामाजिक संघसंस्थाहरूले पनि यस कार्यमा सहयोग गरिरहेका छन् ।

बाढीमा परेकाहरूको शव धेरै दिनसम्म रहँदा पहिचानको समस्या झन जटिल र चुनौतीपूर्ण बन्दै गएको छ । बाढी र पहिरोले पुऱ्याएको क्षतिसँगै आफ्ना प्रियजन गुमाएका र बेपत्ता भएका परिवारको यो आँसु र पर्खाइले भरतपुरको वातावरणलाई पूर्णरूपमा स्तब्ध बनाएको छ । *रासस*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३१८५०० | प्रति तोला – ० | प्रति तोला – ४९६५ |



बाढीग्रस्त क्षेत्रमा अर्थमन्त्री | रसुवाको भोटेकोशीमा आएको बाढीले नुवाकोटको विदुर नगरपालिका–१ स्थित ढुंगे बजारमा पुऱ्याएको क्षति र यहाँ भइरहेको खोज तथा उद्धार कार्यको शनिबार अर्थमन्त्री डा. स्वर्णिम वाग्ले जानकारी लिँदै । *तस्बिर: रामहरि न्यौपाने/रासस*

## विपद् प्रभावित क्षेत्रमा बैंकिङ सेवा सञ्चालन गर्न राष्ट्र बैंकको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले रसुवा लगायतका प्राकृतिक विपद् प्रभावित क्षेत्रमा बैंकिङ तथा भुक्तानी सेवा अविलम्ब सञ्चालन गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिएको छ । बिहीबार एक प्रेस विज्ञप्ति जारी गर्दै केन्द्रीय बैंकले विपद्को समयमा सेवाग्राहीको सहजताका लागि यस्तो आग्रह गरेको हो ।

राष्ट्र बैंकले प्रभावित क्षेत्रमा सेवाको निरन्तरता सुनिश्चित गर्न विद्युतीय माध्यम लगायत अन्य वैकल्पिक स्थानबाट समेत सेवा स्वतःस्फूर्त रूपमा सञ्चालन गर्न



बैंक तथा वित्तीय संस्थाहरूलाई आवश्यक सहजीकरण गरिएको जनाएको छ । यसका साथै, प्राकृतिक विपद्बाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्थापनाका कार्यमा आवश्यक वित्तीय स्रोतको परिचालन गर्न पनि केन्द्रीय बैंकले प्रोत्साहन गरेको छ ।

हालै आएको प्राकृतिक विपद्का कारण भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै राष्ट्र बैंकले सम्पर्कमा नरहेका सर्वसाधारण, बैंक तथा वित्तीय संस्थाका कर्मचारी र उनीहरूका परिवारजनले व्यहोर्नुपरेको पीडाप्रति सहानुभूति प्रकट गरेको छ ।

यस विषम परिस्थितिमा बैंक तथा वित्तीय संस्थाका ग्राहक, कर्मचारी र समग्र समुदायको सुरक्षा र हितलाई उच्च प्राथमिकतामा राख्न राष्ट्र बैंकले अनुरोध गरेको छ । प्रभावित क्षेत्रका सेवाग्राहीप्रति थप संवेदनशील बन्दै आवश्यक सहयोगका लागि निरन्तर प्रयासरत रहन केन्द्रीय बैंकले सम्बन्धित सबैको ध्यानाकर्षण गराएको छ ।

## आइएमई ग्रुपले १० करोड सहयोग गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** आईएमई ग्रुपले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण प्रभावित नागरिकहरूको खोज, उद्धार, तत्काल राहत तथा पुनर्स्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १० करोड रूपैयाँ बरावरको सहयोग प्रदान गर्ने भएको छ ।

आईएमई ग्रुप तथा ग्रुपले प्रवर्द्धन गरेका कम्पनीहरू ग्लोबल आईएमई बैंक, आईएमई लिमिटेड, आईएमई लाइफ इन्स्योरेन्स, आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स, चन्द्रागिरि हिल्स, डिसहोम, आईएमई मोटर्स एवम् साझेदार कम्पनी अशोक लिलेण्ड, आईएमई खल्ती, स्विफ्ट टेक्नोलोजी, मिदास हेल्थ, माइमार्ट, लुम्बिनी केवलकार, आईएमई फाउन्डेसनलगायत अन्य कम्पनीमार्फत सहयोग उपलब्ध हुनेछ ।

त्यस्तै, आईएमई ग्रुपअन्तर्गत कम्पनीहरूमा कार्यरत कर्मचारीहरूको तर्फबाट समेत १ दिनको तलब बराबर रकम उपलब्ध गराउने ग्रुपले जनाएको छ । यसैगरी आइएमइले संसारभरीबाट सहयोग रकम नेपाल पठाउन निःशुल्क रेमिटेन्स सुविधा उपलब्ध गराएको छ भने ग्लोबल आईएमई बैंकको मोबाइल एप ग्लोबल स्मार्ट प्लस र खल्ती वाइ आईएमई मोबाइल वालेटमार्फत समेत सरकारको कोषमा सिधै रकम निःशुल्क जम्मा गर्न सकिने व्यवस्था मिलाएको छ । साथै, आईएमई फाउण्डेशनको समन्वयमा थप राहत तथा जिन्सी सहयोग उपलब्ध गराउने प्रतिबद्धतासमेत गरेको छ ।

आईएमई ग्रुपले अकल्पनीय विपदमा बेपत्ताहरूको खोजी, घाइतेहरूको उपचार, प्रभावितहरूका लागि खाद्यान्न र क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त सहयोग उपलब्ध गराउन लागेको जनाएको छ ।

साथै विनाशकारी बाढीमा परी ज्यान गुमाएका नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै यस संवेदनशील समयमा उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा अहोरात्र खटिएका सुरक्षाकर्मी, स्वयंसेवक, स्थानीय समुदाय तथा सम्बन्धित निकायहरूप्रति हार्दिक कृतज्ञता समेत व्यक्त गरेको छ ।

यसअघि पनि देशका विभिन्न भूभागमा आएका भीषण बाढी, पहिरो, डुबान, भूकम्प तथा महामारीजस्ता विपद्का समयमा आईएमई ग्रुपले अग्रपंक्तिमा रहेर आर्थिक, भौतिक तथा मानवीय सहायता निरन्तर उपलब्ध गराउँदै आएको छ ।

## एडिबी आयोजनाको ४२ करोड बजेटमा चलखेल: परामर्शदाता छनोट विवादमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** एसियाली विकास बैंक (एडिबी) को सहयोगमा स्थानीय पूर्वाधार विकास विभाग (डोलिड) मार्फत सञ्चालित ग्रामीण सञ्जाल सुधार आयोजना (आरसिआइपी) अन्तर्गत परामर्शदाता तथा सेवा प्रदायक छनोट प्रक्रिया विवादित बनेको छ । आयोजनाअन्तर्गत सञ्चालन हुने तालिम तथा क्षमता विकास कार्यक्रमको मूल्यांकन मापदण्ड पारदर्शी नभएको र केही सीमित संस्थालाई मात्र फाइदा पुग्नेगरी तय गरिएको भन्दै सरोकारवालाहरूले गम्भीर प्रश्न उठाएका हुन् ।

कूल ४२ करोड रूपैयाँ बजेट र पाँच हजार ९०९ जना लाभग्राही जोडिएको यस आयोजनामा ठूलो नीतिगत अनियमितता र चलखेल भएको आरोप सरोकारवालाहरूले लगाएका छन् । यस कार्यक्रमअन्तर्गत क्षमता विकास सेवाका लागि करिब २४ करोड (पाँच वटा प्याकेज) र सीप विकास तालिमका लागि करिब १८ करोड रूपैयाँ (तीन वटा प्याकेज) विनियोजन गरिएको छ । सीप विकास तालिमका तीन प्याकेजको संक्षिप्त सूची (सर्टलिस्ट) प्रकाशन भई आर्थिक तथा प्राविधिक प्रस्ताव (आरएफपी) माग गरिसकिएको छ भने क्षमता विकासका पाँच प्याकेज आशयपत्र मूल्यांकनकै चरणमा रहेका छन् ।

सरोकारवालाहरूको प्रतिनिधिमण्डलले विभागका महानिर्देशक अशोककुमार साहलाई भेटेर सामूहिक ज्ञापनपत्र बुझाउँदै हालसम्मको आशयपत्र (इओआई) रद्द गरी नयाँ र निष्पक्ष मापदण्डका आधारमा पुनः प्रक्रिया सुरु गर्न माग गरेका छन् । ज्ञापनपत्रमा मूल्यांकन मापदण्ड, अंक निर्धारण विधि, र संयुक्त उपक्रम (जेभी) साझेदारप्रतिको विभेदकारी नीतिमाथि मुख्य प्रश्न उठाइएको छ ।

विवादको पहिलो बुँदामा अंकभारको विषय उठाइएको छ । समान प्रकृतिको परियोजनामा मुख्य साझेदारलाई २० अंक र संयुक्त उपक्रम (जेभी) साझेदारलाई पाँच अंकमात्र दिने व्यवस्था गरिएको छ । जेभी साझेदारले पनि प्राविधिक तथा व्यवस्थापकीय जिम्मेवारी बहन गर्ने भएकाले अनुभवका आधारमा समानुपातिक अंक दिनुपर्ने माग गरिएको छ ।

यसैगरी दोस्रो विवाद परिभाषामा देखिन्छ । ठूला पूर्वाधार आयोजनाभित्रका तालिम र क्षमता विकाससम्बन्धी अनुभवलाई कसरी मूल्यांकन गर्ने तथा समान प्रकृतिको कामको परिभाषा के हुने भन्नेमा स्पष्टता अभाव रहेको सरोकारवालाहरूको भनाइ छ ।

अर्को, आन्तरिक चलखेलको आरोप लगाइएको छ । आयोजना संयोजक उपमहानिर्देशक निशा रिजाल र डिई श्याममणि काफ्लेले महानिर्देशक साहलाई समेत गुमराहमा राखेर सेटिङमार्फत आफूअनुकूलका सीमित परामर्शदातालाई मात्र सर्टलिस्टमा पारेको दाबी गरिएको छ ।

सरोकारवालाहरूले खरिद प्रक्रिया पारदर्शी, वस्तुगत र प्रतिस्पर्धात्मक हुनुपर्नेमा जोड दिएका छन् । उनीहरूले यो खरिद प्रक्रियाको निष्पक्षतामाथि प्रश्न उठाउँदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, एडिबीको नेपालस्थित कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र र सार्वजनिक खरिद अनुगमन कार्यालयमासमेत बोधार्थ पठाएका छन् ।

दातृ निकाय एडिबीको परियोजना सञ्चालनका मूल सिद्धान्त र अन्तर्राष्ट्रिय खरिद मापदण्डविपरीत यस्ता नीतिगत चलखेल हुनुले समग्र आयोजनाको सफलतामाथि नै आशंका उब्जाएको उनीहरूले बताएका छन् । नयाँ राजनीतिक परिस्थिति र वर्तमान जेन-जी सरकारको पालामा पनि यस्ता पुराना परिपाटी र भ्रष्टाचार दोहोरिनु दुःखद भएको भन्दै सरोकारवालाले यस विषयमा तत्काल छानबिन गरी दोषी अधिकारीहरूमाथि कडा कारबाही गर्न र योग्य संस्थाहरूलाई समान अवसर प्रदान गर्न जोडदार माग गरेका छन् ।

## नेपाल टेलिकमको त्रिशूली 'थ्रीए' साइट पुनः सञ्चालनमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल टेलिकमले रसुवाको त्रिशूली थ्रीए जलविद्युत् आयोजनासँगै रहेको टावरमार्फत सेवा सञ्चालनमा ल्याएको छ । यसबाट उक्त जलविद्युत् आयोजनाको सुरुङ मार्गमा भइरहेको उद्दार कार्यका लागि आवश्यक सञ्चार सम्पर्क थप सहज हुने भएको छ ।

टावर सञ्चालनका लागि आवश्यक जेनेरेटर तथा इन्धन कम्पनीकै सवारी साधनको प्रयोग गरी तथा झन्डै एक घण्टा दूरीसम्म मानव ढुवानीमार्फत टावर सम्म पुऱ्याइएको थियो । कम्पनीका प्राविधिकहरूले आवश्यक प्राविधिक परीक्षण गरी टावर सञ्चालनमा ल्याएका हुन् ।

यसैगरी रसुवा जिल्लाकै तुप्चे बीटीएस पनि शनिबारदेखि सञ्चालनमा आएको छ । उक्त टावर सञ्चालनका लागि आवश्यक जेनेरेटर र इन्धन लिई प्राविधिकहरू त्रिशुलीबाट साइटसम्म हेलिकप्टरमार्फत पुगेका र साइट सञ्चालन गरेका हुन् । उक्त साइटबाट त्रिशूली थ्रीबी आयोजना स्थल आसपास, बेत्रावती तथा कालिकास्थानको केही भागमा सेवा पुनः सञ्चालन भएको छ ।

## कर्पोरेट

### बाढीपीडितलाई प्राइम बैंकले दियो तीन करोड एक लाख नगद



**काठमाडौं (प्रस)–** प्राइम कमर्सियल बैंकद्वारा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ३ करोड १ लाख रूपैयाँ सहयोग गरेको छ । रसुवाको भोटेकोशी नदीमा भदौ १० गते आएको विनाशकारी बाढीबाट हुनगएको जनधनको क्षति तथा मानवीय दुर्घटनाप्रति गहिरो दुखः व्यक्त गर्दै प्राइम कमर्सियल बैंक लिमिटेडले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ३ करोड १ लाख रूपैयाँ आर्थिक सहयोग तथा रु.७ लाख बराबरको बिभिन्न खाद्यान्न सामाग्रीहरू सहयोग प्रदान गरेको छ । बैंकका सञ्चालक समितिका अध्यक्ष राजेन्द्रदास श्रेष्ठले उक्त सहयोग रकम माननीय अर्थमन्त्री स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेका हुन् ।

भोटेकोशी बाढीबाट प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले बैंकले उक्त सहयोग रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रदान गरेको हो । प्राइम कमर्सियल बैंकले देशमा आएका प्रकृतिक विपद्का समयमा सरकार तथा प्रभावित समुदायहरूलाई आवश्यक सहयोग गर्दै आएको छ । यसअघि पनि बैंकले विभिन्न प्राकृतिक प्रकोपबाट प्रभावित नागरिकहरूको राहत,उद्धार तथा पुनर्स्थापनाका लागि आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोगहरू प्रदान गर्दै आएको छ । प्राकृतिक विपद्का कारण प्रभावित नागरिक तथा समुदायहरूको राहत र पुनर्स्थापनाका लागि नेपाल सरकार तथा सम्वन्धित निकायसँग सहकार्य गर्दै आगामी दिनमा पनि आवश्यक सहयोगलाई निरन्तरता दिने प्रतिवद्धता समेत बैंकले व्यक्त गरेको छ ।

### बाढीपीडितलाई क्यानले दियो ३० लाख

**काठमाडौं (प्रस)–** नेपाल क्रिकेट संघ (क्यान)ले भोटेकोशी बाढीबाट प्रभावित परिवार तथा समुदायको राहत, उद्धार र पुनःस्थापनाका लागि रु ३० लाख सहयोग गर्ने निर्णय गरेको छ ।

क्यानका सचिव पारस खड्काले शनिबार प्रेस विज्ञप्तिमार्फत विपद्बाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि सङ्घका तर्फबाट उक्त रकम सहयोग गर्ने निर्णय भएको जानकारी दिए । क्यानले उक्त सहयोग रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने जनाएको छ ।

प्राकृतिक विपद्बाट प्रभावित सम्पूर्ण नागरिकप्रति ऐक्यबद्धता जनाउँदै क्यानले विपद्को समयमा उद्धार, राहत तथा पुनःस्थापनाका कार्यमा आवश्यक सहयोग र सहकार्यका लागि सदैव प्रतिबद्ध रहने जनाएको छ ।

## बाढी र डुबान हुनुपूर्वको तयारी

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रबरका डुंगा, लाइफज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- वर्षायाममा सधैं मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- वर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चारमाध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल चाहिएमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ